# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

कुनै पनि देशको मेरुदण्ड शिक्षा हो । जनताको जीवनस्तर माथि उकास्न, प्रगति, विकास तथा समृद्धिका साथै मानवीय चेतनाको विकास गर्दै सक्षम, योग र अनुशासित नागरिक तयार गर्ने कार्य शिक्षाले नै गर्दछ । शिक्षा नै विकासको पहिलो पूर्वाधार हो । जसको अभावमा अन्य पूर्वाधारहरुको विकासको कल्पना समेत गर्न सकिदैन । शिक्षाको राम्रो संग विकास र विस्तार गर्न सकेमा मात्र मानवीय विकास सम्भव हुन्छ । शिक्षा विकासको पथ प्रदर्शक भएकोले यसको अभावमा सम्पूर्ण विकासहरु अधुरो हुन्छ । विकासका विभिन्न क्रियाकलाप जस्तै स्वास्थ, सामुदायिक वन, आम्दानी वृद्धि, सशक्तिकरण, मानव अधिकार, अनौपचारिक शिक्षा आदिसंग विद्यालय प्रत्यक्ष सम्बन्धित छ । स्वास्थले विद्यार्थीको स्वास्थ्यको हेरचार सम्बन्धी क्रियाकलाप, सामुदायिक वनले विद्यालयको स्रोत वृद्धि र भौतिक तथा शैक्षिक सूधारमा सहयोग, अनौपचारिक शिक्षाले केटाकेटीका आमावावुलाई साक्षर गराई साक्षर संस्कृतिको निर्माण गर्नमा ठूलो सहयोग पुऱ्याउन सक्छन् । शिक्षा तटस्थतामा फस्टाउन सक्दैन भन्ने कुरा अहिलेसम्मको अनुभव र अध्ययनले देखाइसकेको छ । एकीकृत विद्यालय शिक्षा अवधारणा र अभ्यास समुदाय संचालित विदालयको सफलताको साँचो हो । तसर्थ सामुदायिक विद्यालयहरुमा गैरसरकारी संस्थाहरुले पुऱ्याएको योगदानको विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति पाउने विद्यालय सम्झनुपर्छ भन्ने शिक्षा ऐनले उल्लेख गरेको छ । यसरी सरकारी विधालयमा अधिकतम रुपमा गरिब, पिछडिएका, आर्थिक रुपमा विपन्न, अल्पसंख्यक, निमुखा, उतपिडित, अपाङ्ग, न्युण आय स्रोत भएका, सडक वालवालिकाहरुको सहभागिता हुन्छ । यसरी गैससहरुले सामुदायिक विद्यालयमा सहयोग गर्दा त्यस्ता पिछडिएका, गरिब, निमुखा, न्युन आय स्रात भएका, सडक वालवालिका, टुहुरा, अनाथ बालवालिकाको भविष्य उज्जवल हुने कुरा प्राय निश्चित छ । राष्ट्रका सम्पूर्ण भौगोलिक क्षेत्र, हरेक जातजाति, भाषाभाषी र सम्प्रदाय मानिसको पहुँचमा शिक्षाको ज्योती पुऱ्याउन

अति आवश्यक छ । जवसम्म शिक्षा सर्वव्यापी र सर्वसूलभ हुँदैन तवसम्म राष्ट्रको सर्वाङ्गिन विकास सम्भव हुदैन ।

विकासको क्रमसँगै राज्यको परम्परागत भूमिकामा समायानुकूल परिवर्तन हुँदै आएको छ । राज्यको विकास, सरकार र समाजका सवै वर्ग, समुदाय तर्फको एवं सरोकारवालाहरु समेतको योगदानवाट मात्र संभव छ भन्ने कुरालाई सबैले स्वीकार गरेकै अवस्था छ ।

राष्ट्रको सम्पूर्ण क्षेत्र जस्तै राजनीतिक, सामाजिक शैक्षिक तथा आर्थिक परिवर्तनमा गैससको महत्वपूर्ण योगदान रहदै आएको छ । यो नै राज्यको नवोदिव भूमिकाको आधार हो । औपचारिक शिक्षामा गैरसरकारी संसथाहरुको संलग्नता बि.स. २०३० सालको दशकको अन्तिम वर्षहरुवाट नै शुरु भइ सकेको हो तर त्यो धेरैजसो शिक्षाको भौतिकतर्फ बढी केन्द्रित वा सीमित थियो । तर अहिले स्थिति फेरिएको छ । सामुदायिक विद्यालयहरुलाई गैरसरकारी संस्था (गैसस) ले सेवा प्रदान गर्ने व्यवस्था सरकारी स्तरवाटै भइसकेको छ । अहिले धेरे कम  गैसंसहरु विदालय संग मिलेर काम गर्दैछन् । यति हुँदा हुँदै पनि गैससका सबै पक्ष पूर्ण वा सबै दृष्टीकोणवाट पूर्ण छन् भन्ने होइन । समाजका विभिन्न प्रवृतिको प्रभाव समाजिक क्षेत्रमा छन् । एकाध संस्था एवं व्यक्रिमा भएका नकारात्मक पक्षलाई वहुँसंख्यक संख्या र व्यक्तिलाई जोडेर हेर्ने र पुऱ्याएको व्यापक योगदानलार्य अवमूल्यन गर्नु न्यायिक हुन सक्दैन । त्यसैले हामी यस अभियानका नकारात्मक पक्षलाई निरन्तर सुधार गर्दै समग्र गैसंसको छवि सुधार र विश्वासनीयता अभिवृद्धिमा निरन्तर क्रियाशील हुनु आवश्यक छ । गो.प. २०७० अजोस ७ गते

शैक्षिक क्षेत्रमा पुऱ्याइरहेको योगदान गैसंसहरुको महान र्काय हो । किनभने कुनै पनि देशको विकासको मेरुदण्ड शिक्षा हो । त्यसैले यहाँ शिक्षाको विकासलाई पनि केही दर्शाउनु जरुरी हुन्छ ।

## नेपालमा गैरसरकारी संघ संस्थाहरु तिनको कियाकलापहरुको संक्षिप्त

राजनीतिक पूर्वाग्रहवाट मुक्त, आर्थिक लाभका लागि नभई स्वयंसेवी भावनाले प्रेरित भई विपन्न तथा अशक्त व्यक्तिहरुको सहयोगका लागि स्थापना भएका अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (International Non-Governmental Organisation INGO) स्वदेशी गैर सरकारी संस्था (Non- Governmental Organization, NGO) हरुलाई मुलुकको विकास क्रियाकलापमा सरिक गराउने नीति नेपालको सरकारले लिएको छ । आफ्नै नीजि प्रयासवाट समाज सेवा गर्ने भावना हिन्दु संस्कृतिको प्रमुख पक्ष रहेको छ । संस्थागत रुपमा समाज सेवा गर्ने उद्देश्यले स्थापित श्री कामधेनु खर्चा प्रचारक महागुठीलाई नेपालको पहिलो गैर सरकारी संसथा मान्न सकिन्छ । वि.स. २००७ सालमा प्रजातन्त्र स्थापना पश्चात र पञ्चायत कालमा समेत यस्ता संस्थाहरुको क्रमिक विकास भएको देखिन्छ तापनि नेपालमा वहुदलिय शासन् व्यवस्था स्थापना भएपछि खुला एवं मुक्त वातावरणमा गैर सरकारी संस्थाहरु संख्यात्मक रुपमा विकसित भएको देखिएको भए तापनि यिनवाट जनतालाई प्राप्त हुनुपर्ने सेवाको गुणस्तर भने निकै तल रहेको छ । निजी क्षेत्रको स्वतः स्वस्फूर्त स्वयंसेवी भावनालाई राष्ट्रिय विकास सँग आवद्ध गर्दै यस्ता संघ संस्थाहरुलाई सक्रिय बनाउने सरकारी नीति छ तापनि गैर सरकारी संस्थाहरुलाई संख्यात्मक वृद्धिको अनुपातमा गुणात्मक वृद्धि हुन नसकेको गुनासो सबैतिरवाट गरिन थालेको छ । अधिकांश गैर सरकारी संस्थाहरु काठमाण्डौ र अन्य शहरी क्षेत्रहरुमा मात्र सरिक रहेका केही संघ संस्थाहरु एउटै प्रयोजनका लागि तथाकथित दर्जनौ संख्यामा गैर सरकारी संस्थाहरु खुलेका छन् । र यिनीहरु विच उचित समन्वय समेत हुन सकेको छैन । काठमाण्डौमा केन्द्रित पारिवारिक वातावरणमा रहेका NGO हरुलाई अधिराज्यव्यापी रुपमा दुर्गम ग्रामीण क्षेत्रमा पुऱ्याई गैर सरकारी क्षेत्रबाट परिचालन हुने स्रोत र साधनहरुलाई कृषि, शिक्षा, स्वास्थ्य, ग्राणीण क्षेत्रको विकास, सीप विकास, पर्यावरण संरक्षण जस्ता क्षेत्रमा केन्द्रित गरिनु पर्ने देखिन्छ ।

समाज सेवाका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुवीच समन्वय स्थापना गर्ने उद्देश्यले वि.स. २०३४ आश्विल ६ गते सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद ऐन, २०३४ जारी गरिएको थियो । मुलुकको वदलिदो परिस्थिति अनुरुप समाजसेवाका लागि स्थापित संघ संस्थाहरुलाई व्यवस्थित गरी परिचालन गर्न समाज कल्याण परिषद् ऐन

२०४९ जारी गरिएको छ । यसै नामको अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संख्याको स्थापना गरिएको छ । हाल नेपालमा कार्यरत अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

**पिसकोर :-** विश्वव्यापी गरिवीका विरुद्ध मिलेर काम गर्ने उद्देश्यले अमेरिकी राष्ट्रपति जोनएफ केनेडीको सकृयतामा सन् १९६१ मा स्थापित अमेरीकी समाजसेवी संस्था पिसकोरले विकाशशील मुलुकहरुमा शिक्षा, स्वास्थ्य कृषि क्षेत्रमा सहयोग पुऱ्याउदै आएको छ । यो संस्था विशवका झण्डै १०० मुलुकहरुमा कार्यरत रहेको छ । सन् १९६२ देखि नेपालमा पिसकोर (Piscorp) स्वयं सेविहरुले सेवा पुऱ्याउदै आएका छन् भने सन् २००० सम्म ४४०० भन्दा बढी अमेरिकी पिसकोर स्वयंसेवीहरुले नेपालका सुगम दुर्गम जिल्लाहरुमा रही कृषि शिक्षा स्वास्थ्य र सरसफाई वन तथा वातावरण संरक्षण, पशुपालन मत्स्यपालन, नर्सिङ्ग आदि क्षेत्रमा महत्वपूर्ण सेवा पुऱ्याएका छन् ।

**रेयुकाई इन्टरनेशनल :-** युद्धको विभिषिकाबाट पीडित जनतालाई साहत दिने, युद्धको भयवाट मुक्त गर्ने र मानव समुदायमा मातृतवको विकास गर्ने उद्देश्यका साथ वि.स. १९२० मा जापानी नागरिक काकुतारो कुवोले यो संस्थाको सथापना गर्नु भएको हो । यो संस्थाको विकास र विस्तारमा संस्थापक काकुतारो कुवो की भाउज्यू श्रीमति कमि कोतामीको विशेष भूमिका रहेको छ । सामाजिक सुव्यवस्था र पारिवारिक सौहार्द्रमा विषेश जोड दिने रेयुकार्यको सिद्धान्तलाई रेयुकार्य शिक्षा पनि भनिन्छ । शिशुको पालनपोषण शिक्षामा मातापिताले धेरे कष्ट सह्ने र धेरै लगानी गर्ने हुँदा बच्चाले पनि आफ्ना माता पिता तथा अभिभावकहरुको सेवा सश्रुषा र सम्मान गर्नु पर्दछ भन्ने मूल विषय ने रेयुकाई शिक्षाको आधार हो । यस अर्न्तगत पहिलो पुर्खाहरुप्रति कृतज्ञता ज्ञापन गर्ने र पुर्खाहरुको स्मरण गर्ने दोश्रो नराम्रो कामको परित्याग गर्ने तेस्रो कुनै गल्ती भएमा त्यसलाई स्वीकार गरी प्रायश्चित गर्ने प्रक्रियाहरु पर्दछन् । दुई दशक अगाडि युशुन मात्सुनागाकी सक्रियातामा रेयुकाई नेपालको गठन भएपछि सामाजिक तथा सामुदायिक सेवा, शिक्षा, स्वास्थ्य, खानेपानी. महिला विकास, र्आयमुलक क्रियाकलाप आदि कार्यहरु संचालन हुँदै आएको छ । २०५३ मंसिर २५ गते भएको सम्झौता अनुसार सम्झौता भएको मिति देखि ६ वर्षका लागि
**Happy House :-**समाज कल्याण परिषद र वेलजियमको गैर सरकारी संस्था ह्यापी हाउसवीच २८ अप्रिल सन १९९६ मा भएको सम्झौता अनुसार पिछिडिएका अनाथ गरीब

असहाय समुदायका बालबालिकाहरुको हितका लागि कार्यक्रम संचालन गर्ने गरी प्रत्येक वर्ष ३०,०००।- अमेरिकी डलर खर्च गरिदै आएको छ ।

**नेपाल सामुदायिक विकास संस्था (Nepal community Development Foundation NCVDF) :-**समाज कल्याण परिषद र क्यानाडाको सहयोगमा स्थापित नेपाल सामुदायिक विकास संस्थाबीच सन् १९९७ मा भएको सम्झौता अनुसार इलाम जिल्लाको नामसालिङमा ६ वर्ष सम्म सामुदायिक विकास कार्यक्रमहरु संचालन गरिएको छ । यसका लागि १७,०६० अमेरिकी डलर खर्च गरिको छ ।

**स्वीस रेड क्रस (Red Cross) :-** किमिया युद्धको प्रत्यक्षदर्शी स्वीस नागरिक महामना हनरी डयुनाको स.प्रयासमा युद्धमा घायल भएका सैनिक तथा नागरिक तथा नागरिक प्राकृतिक प्रकोप ग्रस्त जनता र दीन दुःखी रोगीहरुलाई सेवा पुऱ्याउने उद्देशयले सन १८६३ मा स्विजरल्याण्डको जेनेभा शहरवाट रेडक्रस अभियानको शुरआत भएको यो संस्था International Committee of Redcross (ICRC) को स्थापना भएको थियो । हामी सेवा गर्छौ (We serve) भन्ने मूल्यमन्त्र भएको चिकित्सा सहायता र आपतकालिन सहयोग उपलब्ध गराउने मोटर, रेल, हवाईजहाज आदि सवारी साधनहरुमा रातो रंगको धन (+) चिन्ह अंकित हुन्छ । यसको प्रधान कार्यालय स्वीजरल्याण्डको जेनेभा शहरमा रहेको छ । सन् १९१७, सन् १९४४ र सन् १९६३ गरि तीनपटक नोवेल पुरस्कार द्वारा यो संस्था सम्मानित भएको छ । हाल विश्वका १०० भन्दा बढी मुलुकहरुमा यसका शाखा उपशाखाहरु खोलिएका छन् । अरव तथा इस्लामिक मुलुकहरुमा रेडक्रसको सट्टामा रातो उदीयमान चन्द्र (Red Crescent) चिन्ह प्रयोग गरिन्छ स्विजरल्याण्डको जेनेभा शहरमा प्धान कार्यालय रहेको यो स.स्थाका कामकाजको भाषा औपचारिक भाषा फ्रेन्च रहेको छ । वि.स. २०२० भदौ १९ गतेका दिन तत्कालिन स्वास्थ्य मन्त्री डा. नागेश्वर प्रसाद सिंहको सभापतित्वमा बसेको सभाले श्री ५ प्रिन्सेप शाहको अध्यक्षता नेपाल रेडक्रस तदर्थ समिति गठन गरी नेपाल रेडक्रस सोसाइटीको स्थापना गरिको थियो । वि.स. २०२२ सालमा अन्तर्राष्ट्रिय रेडक्रस संस्थाले नेपाल रेडक्रस सोसाइटीलाई औपचारिक मान्यता प्रदान गरेको थियो । यो संस्थाले नेपालमा स्वास्थ्य उपचार, रक्त संचार सेवा एम्वुलेन्स सेवा, परिवार नियोजन, पोषण कार्यक्रम सुरक्षित मातृत्व, साक्षरता शिक्षा आदि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

**Rural Education and Development :-**उपर्युक्त परियाजना मार्फत संयुक्त राज्य अमेरिकाले नेपालमा ६०,००० अमेरिकी डलरको लागतमा शैक्षिक विकासका लागि पुस्तकालयहरुको स्थापना र स्तरको वृद्धिको कार्यक्रम संचालन गरिएको छ ।

**Japan Nepal Educational Co-operative Society:-**जापानको सहयोगमा नेपाल जपान विच शैक्षिक आदान प्रदान गर्न स्थापित यो संस्थाले २६ हजार अमेरिकी डलरको लागतमा विभिन्न कार्यक्रमहरु संचालन गरेका छन ।

**GAP Activity Project:-**बेलायत स्थिति यो गैर सरकारी संस्थाले १२ हजार अमेरिकी डलरको लागतमा शैक्षिक क्रियाकलाप संचालन गर्न सहयोग गरेको छ ।

**चाइल्ड हेभन इन्टरनेशनल** :-क्यानाडास्थित यो गैर सरकारी संस्थाले नेपालमा बाल कल्याण सम्बन्धी कार्यक्रमहरु संचालन गर्न ३० हजार अमेरिकी डलर खर्च गरेको छ ।

**Swedish Organization of Handicapped International Aid Foundation:-**जापान स्थित यो गैर सरकारी संस्थाले नेपालमा शिक्षा स्वास्थ्य र सामुदायिक विकासका कार्यक्रमहरु संचालन गरेको छ ।

**Educate the Children :-**संयुक्त राज्य अमेरिकाको सहयोगमा स्थापित यो संस्थाले नेपालमा शिक्षा विकास र वालकल्याण सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरेको छ ।

**Co-operation for American Relief Everywhere (CARE) International :-**संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय स्तरको यो संस्थाले नेपाल लगायत विश्वका विभिन्न किवासेन्मुख मुलुकहरुमा जनताको जीवनस्तरमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य खानेपानी, बाटोघाटो आदि सामुदायिक विकासका कार्यक्रमहरु संचालन गर्दै आएको छ । नेपालमा केयरका शाखा स्थापना भई सोही अर्न्तगत विभिन्न सामुदायिक विकासका कार्यक्रमहरु संचालन हुँदै आएका छन् । USAID समकक्षी संस्थाको रुपमा केयर कार्यरत रहेको छ ।

**International Leo Club :-** सन् १९१७ मा अमेरिकी नागरिक मेलविन जोन्सनले इन्टरनेशनल एशोसिएसन अफ लायन्स क्लव नामको परोपकारी समाजसेवी संस्थाको स्थापना गरेका थिए । अन्तराष्ट्रिय स्तरमै स्थापित यो संस्थाको प्रधान कार्यालय अमेरिकाको शिकागो शहरमा रहेको छ । नेपाल लगायत १३० भन्दा बढी मुलुकहरुमा झण्डै २०००

जति लायन्स क्लवहरु गठन भैसकेको र यसै मार्फत विश्वका विभिन्न मुलुकहरुका जनता विच पारस्परिक सहयोग, मातृत्व मैत्री, सहयोग मार्फत अन्तर्राष्ट्रिय शान्ति तथा स्थापना गर्नु यो संस्थाको प्रमुख लक्ष्य रहेको छ भने यसको आदर्श वाक्य “हामी सेवा गर्छौं” (We Serve) हो ।

**विकास सहयोगका लागि सवीस संस्था (Swiss Agency for Development and Co-Operation SDC) :-**सन् १९६१ मा स्थापित यो संस्सथाले विकासशील मुलुकहरुलाई अनुदान स्वरुप आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनुको साथै, संकटमा परेकाहरुलाई उद्धार गर्न मानवीय सहयोग उपलब्ध गराउँछ । यसको स्थापना स्वीस सरकारको विदेश मन्त्राालय अर्न्तगत सरकारी स्तरमा भएको हो । आफ्नो स्थापना वर्ष सन १९६१ देखि नै यो संस्था नेपालमा कार्यरत रहेको छ । शुरुमा यो संस्थाले तिब्बती शरनार्थीहरुलाई काठमाण्डौ, पोखरा दोर पाटन आदि ठाउउँमा बसोबास गराउनको साथै, उनीहरुको जीविकाका लागि गलैचा उद्योग संचालन गरेको थियो । टोनी हेगन जस्ता व्यक्तिहरु संवद्ध भएको यो संस्थाले प्राविधिक शिक्षा व्यवसायिक तालिम, ग्रामीण विकास प्राकृतिक स्रोत व्यवस्थापन जस्ता क्षेत्रमा उल्लेख्य कार्यहरु हुँदै आएको छ ।

**Action Aid :-**गरिवीको कारण पत्ता लगाई त्यसको निदान खोज्ने उद्देश्यले सन् १९७२ मा व्रिटेनमा स्थापित यो संस्थाले एशिया अफ्रिका ल्याटिन अमेरिकाका २० भन्दा बढी मुलुकहरुमा कार्यरत रहेको छ । यसको प्रधान कार्यालय लन्डनमा रहेको छ । यो संस्था सन् १९८२ देखि नेपालमा कार्यरत रहेको छ । एक्सन एडले नेपालको गरिवी निवारण गर्न कृषि तथा जनजिविका, शिक्षा स्वास्थ्य, सामुदायिक विकास, कानुनी सहयोग जस्ता विभिन्न निर्माण कार्यहरु गर्दै आएको छ । यो संस्थाले सुनौलो विहानी नामको कार्यक्रम अन्तर्गत सारक्षरता अभियान संचालन गरेको छ भने कृषि तथा गैर कृषि क्षेत्रको उत्थानमा पनि उत्तिकै ध्यान दिएको छ । ग्रामीण क्षेत्रमा साहुकारहरुको चर्को ब्याजबाट किसानहरुलाई मुक्ति दिलाउन उनीहरुमा सामुदायिक भावनाको विकास गरी वैंक सम्म पुऱ्याउने, स-साना सीप मुलक कार्यक्रमहरु संचालन गर्ने आदि विभिन्न कार्यहरु गर्दै आएको छ । यसले स्थानीय जनताको सहभागितामा स्थानीय प्रविधिको प्रयोग गरि अध्यापन गरिने शिक्षा प्रणाली Reflects को सन् १९९६ देखि नेपालमा सुरुआत गराएको छ ।

**नेपाल स्कूल प्रोजेक्ट (NSP) :-**समाज कल्याण पेरिषद र क्यानाडाको सहयोगमा स्थापित नेपाल स्कूल प्रोजेक्टबीच ४ वर्षका लागि भएको सम्झौता अनुसार काभ्रोपालचौक जिल्लाका पहाडी क्षेत्रमा रहेका स्कुलहरुमा विभिन्न विकासका क्रियाकलापहरु संचालन गरिएको छ । ( निर्धन) सन् १९९७ देखि ४ वर्ष सम्म संचालन गरिएको यो कार्यक्रममा ६० हजार अमेरिकी डलर खर्च गरिएको छ । सिंह,प्रकास

**स्कूलमा गैरसरकारी संस्था** स्रोत शि.मा.प्रकाश सिंह अधिकारीको विचारवाट केही विद्यालय वा गैर सरकारी संस्था कुन काम गर्ने वा नगर्ने भन्ने विषयमा प्रस्ट होलान तर धेरै विद्यालय र गैससंले सहकार्यको एजेण्डा छलफल गरि पहिचान गनु जरुरी छ । औपचारिक शिक्षामा गैरसरकारी संस्थाहरुका संलग्नता २०३० सालको दशकको अन्तिम वर्षहरुवाट नै भइसकेको हो तर त्यो धेरे जसो शिक्षाको एक पक्षतर्फ भौतिक तर्फ बढी केन्द्रित वा सिमित थियो । तर अहिले स्थिति फेरिएको छ सामुदायिक विद्यालयहरु लाई गैरसरकारी संस्था ( गैससं) ले सेवा प्रदान गर्ने व्यवस्था सरकारी स्तर वाटै भइएकेको छ । अहिले धेरे काम गैससंहरु विधालय संग मिलेर काम गर्दैछन् ।

सरकारले तयार पारेको समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ अनुसार समुदाय, अभिभावक, शिक्षक र व्यवस्थापन समितिले गैरसरकारी संस्था समेतको साँझेदारीमा विधालय सूधारको योजना वनाउने कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने तथा अभिलेख राख्ने काम गर्नुपर्छ । यो वाहेक स्थानीय स्वायत्त शासन ऐन तथा निर्देशिका २०५५ ले पनि विधालय सूधारको लागि गैरसरकारी संस्थाहरुको प्राविधिक सहयोगलाई अपरिहार्य शर्तको रुपमा स्वीकार गरेको छ । त्यसैगरि डकार कार्ययोजना २००० ले पनि सन् २०१५ सम्ममा सबैको लागि शिक्षाको पूर्ण प्राप्तिका लागि गैरसरकारी संस्थाहरुले साझेदारको रुपमा काम गर्नुपर्ने अवधारणा अगाडी सारेको छ । यसै कुरा लाई स्वीकार्दै नेपालले पनि आफ्नो राष्ट्रिय कार्य योजना २०००-२०१५ निर्माण गर्‍यो । यो कार्य योजनाले किटानका साथ उल्लेख गरेका १८२ क्रियाकलापमध्ये पचास वटा भन्दा बढी क्रियाकलाप गैर सरकारी संसथाको जिम्मामा सुम्पेको छ र बाँकीमा सहकार्यको सम्भावना खूला राखेको छ ।

### शैक्षिक क्षेत्रमा गैरसरकारी संस्थाको भूमिका

नियमित तवरले सरकारी अनुदान नजाउने सरकारी निकाय बाहेकका अन्य विभिन्न संघ संस्थालाई गैरसरकारी संस्था भनिन्छ । गैरसरकारी संस्थाको आफ्नै स्रोत र साधन हुन्छ र यी नै स्रोत र साधनवाट संचालन भएको हुन्छ । सामाजिक विकास गर्ने उद्देश्यले विभिन्न संघ संस्थाहरुले देश विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । हाम्रो देशमा वि.सं. १९९० तिर गैरसरकारी संस्थाका रुपमा 'कामधेनु चर्खा प्रचारक गुठी' को स्थापना भयो । वि.सं. २००७ सालपछि प्रश्स्त मात्रामा यस्ता संसथाहरुको स्थापना हुँदै गयो । वि.सं. २०३४ सालमा सामाजिक सेवा समन्वय परिषद र २०३८ सालमा श्रम तथा समाज कल्याण मन्त्रालयवाट विभिन्न गैरसरकारी संस्थाको विकासका लागि राष्ट्रिय नतिको अवलम्बन गरियो । वि.सं. २०४६ सालपछि ऐन, नियममा सुधार गरेकोले यस्ता संस्थाहरुको विकासमा अझ टेवा मिल्यो ।

शिक्षा क्षेत्रको विकास गर्न विद्यालय समुदायबीचको सम्बन्ध सुमधुर स्थापित गर्न विद्यालय नै समुदायको जिम्मा लगाउने नीति सरकारले अवलम्बन गरिरहेको छ । विद्यालयको भौतिक सुविधामा सुधार गर्न समुदाय र गैरसरकारी संस्था साथै अन्य सामाजिक संस्थालाई सक्रिय बनाउनु पर्दछ । गैरसरकारी संस्थाको विकासका लागि नेपाल सरकारले शिक्षा क्षेत्रमा अन्य सामाजिक परिचालन कार्यक्रम लागू गरेको छ ।

## स्कूलमा गैरसरकारी संस्था

केही विद्यालय वा गैरसरकारी संस्था कुन काम गर्ने वा नगर्ने भन्ने विषयमा प्रस्ट होलान तर धेरै विद्यालय र गैससंले सहकार्यको एजेण्डा छलफल गरी पहिचान गर्न जरुरी छ ।

औपचारिक शिक्षामा गैर सरकारी संस्थाहरुको संलग्नता बि.स २०३० सालको दशकको अन्तिम वर्षहरुवाट नै शुरु भई सकेको हो तर त्यो धेरै जसो शिक्षाको एक पक्ष तर्फ- भौतिकतर्फ बढी केन्द्रित वा सीमित थियो । तर अहिले स्थिति फेरिएको छ । सामुदायिक विद्यालयहरुलाई गैरसरकारी संस्था (गैससं) ले सेवा प्रदान गर्ने व्यवस्था सरकारी स्तरवाटै भइसकेको छ । अहिले धेरै कम गैससंहरु विद्यालयसंग मिलेर काम गर्दैछन् ।

सरकारले तयार पारेको समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका २०५९ अनुसार समुदाय, अभिभावक, शिक्षक र व्यवस्थापन समितिले गैरसरकारी संस्था समेतको साझेदारीमा विद्यालय सुधारको योजना वनाउने, कार्यानवयन गर्ने अनुगमन गर्ने, मुल्याङ्कन गर्ने तथा अभिलेख राख्ने काम गनुपर्छ । यो वाहेक स्थानीय स्वायत्त शासन ऐन तथा निर्देशिका २०५५ ले पनि विद्यालय सूधारको लागि गैर सरकारी संस्थाहरुको प्राविधिक सहयोगलाई अपरिहार्य शर्तको रुपमा स्वीकार गरेको छ । त्यसैगरी डकार कार्ययोजना २००० ले पनि सन् २०१५ सम्ममा सबेको लागि शिक्षाको पूर्ण प्राप्तिका लागि गैरसरकारी संस्थाहरुले साझेदारको रुपमा काम गर्नुपर्ने अवधारणा अगाडि सारेको छ ।

यसै कुरालाई स्वीकार्दै नेपालले पनि आफ्नो राष्ट्रिय कार्य योजना २०००-२०१५ निर्माण गऱ्यो । यो कार्य योजनाले किटानका साथ उल्लेख गरेका १८२ क्रियाकलाप मध्ये पचासवटा भन्दा बढी क्रियाकलाप गैरसरकारी संस्थाको जिम्मामा सुम्पेको छ र वाँकीमा सहकार्यको सम्भावना खुल्ला राखेको छ । र गुणात्मक सुधार हुनसक्दथ्यो यसको लागि समुदाय संचालित विद्यालयमा संलग्न गैससंको सामुहिक छलफल हुनसके राम्रो हुनसक्थ्यो । तल उल्लिखित केही एजेन्डालाई अहिले प्रस्तावको रुपमा लिन सकिन्छ ।

### १.१.३ शैक्षिक तथ्यांक

नेपालको शैक्षिक इतिहाँसलाई केलाउँदा वि.स. २००७ सालमा २ प्रतिशत मात्र साक्षर रहेको जसमा महिला ०.७ प्रतिशत मात्र साक्षर रहेको देखिन्छ । वि.स. २०५८ मा आइपुग्दा ४२.२९ प्रतिशत साक्षरता पुगेको देखिन्छ । नेपालमा आर्थिक वर्ष २०६६/०६७ को शैक्षिक स्थिति र त्रिवर्षीय योजनाको लक्ष्य यस प्रकार रहेको छ ।

### सिरहा जिल्लाको परिचय

२०६२/२०६३ साल बहुचर्चित दोस्रो जनआन्दोलन मधेष जनबिद्रोह पश्चात एकात्मक राज्य व्यवस्थाको अन्त्यसँग एकात्मक राज्यको ठाउँ संघात्मक सहितको पून:संरचना गर्ने परिवेशमा अझ पनि एकात्मक राज्यव्यवस्था गर्न तत्कालीन राजा वीरेन्द्रले वि.सं. २०३५ सालमा गरेको राज्यको प्रशासनिक विभाजन अनुरूप नेपाल ५ विकासक्षेत्र, १४ अञ्चल तथा ७५ जिल्लामा विभाजन गरेको थियो । त्यही ५ विकासक्षेत्र मध्ये पूर्वाञ्चल विकास क्षेत्र जसमा १६ वटा जिल्लाहरु पर्दछन् । त्यसैगरी पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गतकै सगरमाथा अञ्चल पनि एक हो । यसरी सगरमाथा अञ्चल अन्तर्गत सिरहा जिल्ला पर्दछ ।

यो सिरहा जिल्ला उत्तरी अक्षांस ८६.२७° र ८६.७° देखि पूर्व देशान्तर २६.३३° र २६.५५° को बीचमा पर्दछ । यसले १,१८८ वर्गकिलो मिटर क्षेत्रफल ओगटेको छ । कृषि उत्पादकत्वको दृष्टिले महत्वपूर्ण यस जिल्लामा कृषि योग्य जमिन १२,०३३ हेक्टर त्यसैगरी चरण क्षेत्रफल २,५४७ हेक्टर रहेको छ । यो जिल्लाको छिमेकी जिल्लाहरुमा पूर्वमा सप्तरी, उत्तर दिशामा उदयपुर र सिन्धुली तथा पश्चिममा धनुषा, त्यसैगरी दक्षिणमा भारतको विहार प्रदेशको त्यसको मधुवनी जिल्ला पर्दछ । जिल्लाको पूर्वीय र पश्चिमी सिमाना क्रमशः वलान र कमला नदीले छुटाएका छन् भने उत्तरी सिमाना चुरिया पर्वत पर्दछ । यो जिल्ला चुरिया पर्वतको दक्षिणी भेगमा पर्दछ । जुन दक्षिणी समतल भू-भागसम्म तन्किएको छ । सिरहा जिल्ला काठमाडौं देखि दक्षिणपूर्व ४०० किलोमीटर तथा पूर्वी सहर विराटनगरदेखि १५० किलोमिटर पश्चिममा पर्दछ । यो जिल्लाको १६.५५% भू-भाग जंगलले ओगटेको छ । यहाँको ८३.४५% भाग अर्थात जमिन खेती योग्य छ । यहाँको हावापानी Sub-tropical छ । यहाँको तापक्रम न्यूनतम ५° देखि १०° सेन्टिग्रेड अधिकतम ४०°c-४५°c सम्म पुग्दछ । यस जिल्लामा उत्पादन हुने बाली धान मुख्य रूपमा भए पनि सिरहा जिल्ला कूल कृषियोग्य जमिनको सिंचित क्षेत्र ३४.७८% रहेको छ । यस जिल्लामा उत्पादन हुने बालीहरु धान मुख्य रूपमा भए पनि मकै, गहुँ, कोदो, जौ, आलु, जुठ, तोरी उखु आदि छन् भने फलफुलहरुमा भूँईकटहर, कटहर, आँपा, लिची, मेवा आदि छन् । त्यसैगरी गाईवस्तुहरुमा गाई, भैंसी, गोरु, भेडा, बाखा छन् ।

यस जिल्लामा नामकरण पहिलेको गाउँ पञ्चायत र अहिलेको नगरपालिका भएको सिरहा गाउँको नामको आधारमा रहन गएको छ । यस जिल्लाको न्यूनतम उचाई समुद्रा सतहदेखि १५० देखि ३०५ मीटरसम्म रहेको छ । जिल्लाभरि जम्मा सडकको लम्बाई ३०० किलोमीटर छ भने उद्योगहरुको संख्या ३८ वटा रहेका छन् । त्यसैगरी जिल्लाको बासिन्दा ६१.३३% कृषि क्षेत्रमा आश्रित रहेका छन् भने गैर कृषि क्षेत्रमा आश्रित जनसंख्या ३८.६७% छन् ।

जिल्लालाई प्रशासनिक हिसाबले ४ वटा नगरपालिकामा गा.वि.स. १०६ वटामा विभाजित गरेको पाइन्छ भने निर्वाचन क्षेत्रको आधारमा ५ वटा थियो भने निर्वाचन क्षेत्र निर्धारण अयोगले ६ वटा निर्वाचन क्षेत्र निर्धारण गरे । यस जिल्लाको प्रमुख सहर लाहन, मिर्चैया, सिरहा भए पनि सहायक सहरहरुमा गोलबजार, धनगढी, विष्णुपुर, कल्यानपुर आदि छन् । जिल्लाको सदरमुकाम सिरहा बजारनै रहेको पाइन्छ । जिल्लाको सरकारी कार्यालय सिरहा बजारमा भए पनि केही कार्यालयहरु लाहन बजारमा रहेको पाइन्छ । गैरसरकारी संघसंस्थाको केन्द्रविन्दु लाहन प्रमुख रूपमा भए पनि गोलबजार लगायत राजमार्ग छेउछेउमा कन्द्रित रहेको पाइन्छ । जिल्ला

सदरमुकाम जोड्ने मुख्य रोड चोहर्वा सिरहा भएर पनि हाल निर्माणाधीन रूपमा मिर्चैया सिरहा, हुलाकी सडक जिरोमाइल-बरियारपट्टी सडक पनि प्रमुख छन् । वर्षेनी नदिले ल्याउने बाढी प्रकोपका कारण यस भेगका मानिसका जीवनशैली निकै काष्टकर हुने गरेको पाइन्छ ।

यो जिल्लाको कूल जनसंख्या सन् ५,६२,३९९ छन् भने महिलाको संख्या २७८,४६६ तथा पुरुष २९३,९६६ छन् । यसरी प्रस्तुत जनसंख्या कूल देशको जनसंख्याको २.४७% हो । जनघनत्व ४८२ प्रतिव्यक्ति वर्ग कि.मी. रहेको छ । (CBS २००१) यसरी उच्च वृद्धि दरमा रहेको जनसंख्या सो दरमा हुनाको कारण उर्वरा माटो, यातायात, सुरक्षा तथा सञ्चार एवम् विकासका पूर्वाधारको उपलब्धि हो ।

यस जिल्ला धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थल औधोगिक क्षेत्रहरुले सुप्रसिद्ध जिल्ला हो । यहाँ पतारी फूलबारी, पतारी पोखरी, सलहेश गहवर, सारस्वर नाथ, कमलदह जस्ता स्थलहरु छन् । प्रत्येक वर्ष नयाँ वर्ष सँगै हजारौ स्वदेशी तथा विदेशी पर्यटक सहभागिता हुने गरी सहितको सलहेश महोत्सव आयोजना गरिने यस जिल्लाको आफ्नैपन रहेको पाइन्छ ।

तराईको सुगम जिल्लाको रूपमा रहेको यस सिरहा जिल्लामा बढ्दो जनसंख्याका कारण शिक्षाको बढ्दो आवश्यकता परिपूर्ति गर्न निजि स्तरमै निकै विद्यालय खोलिएका छन् । यसरी सरकारी स्तरमा एउटा बहुमूखि क्याम्पस अर्ध सरकारी स्तर बाट ३ वटा तथा नीजि स्तरमा पनि २ वटा क्याम्पस खोलिएका छन् । यसरी सन्२०१६ सम्ममा यस जिल्लामा खोलिएका शिक्षालय निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका - १.१**

**विद्यालय शिक्षक र विद्यार्थी सम्बन्धी जानकारी**

| साल | तह | विद्यालयको संख्या | विद्यार्थी संख्या | शिक्षकको संख्या |
|---|---|---|---|---|
| १९९४/१९९९ | प्रा.वि. | ३४८ | ६२,५४४ | १,३२५ |
| २०००/२००१ | प्रा.वि. | ३६० | ६७,४२१ | १,३८१ |
| २००१/२००२ | प्रा.वि. | ३३८ | ४६,२६० | १,२३२ |
| १९९८/९९ | नि.मा.वि. | ८४ | १३,००३ | २४२ |
| १९९९/२००० | नि.मा.वि. | ८४ | १३,६४८ | २४६ |
| २००१/२००२ | नि.मा.वि. | ७६० | १२,९५१ | २८२ |
| १९९८/९९ | मा.वि. | ४५ | ६३,८७० | २१३ |
| १९९९/२००० | मा.वि. | ४९ | ६,७०२ | २१३ |
| २०००/२००१ | मा.वि. | ५१ | ५,८९२ | २२६ |

स्रोतः जिल्ला प्रोफाइल, २०७२

यसप्रकार विद्यालय स्तरमा तीनवटै तहमा सन् १९९८/१९९९ देखि २०००/२००१ सम्म सिरहा जिल्लामा भर्ना भएका विद्यार्थी, शिक्षक तथा विद्यालयको संख्या प्रस्तुत गरिएको यस तालिकाले प्रा.वि. तहमा सबैभन्दा बढी विद्यार्थी देखिन्छ भने क्रमशः नि.मा.वि. र मा.वि. तहमा सो संख्यामा ह्रास आएको देखिन्छ । यसप्रकार यो तथ्याङ्कले यहाँको विद्यालय छोड्ने (Dropout) को पनि संकेत व्यक्त गर्दछ । जुन शिक्षा क्षेत्रको निम्ति एउटा चुनौति देखिन्छ । यसरी जिल्लाभरीको साक्षर प्रतिशत यस तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. १.२**

**लिङ्गका आधारमा साक्षरता सम्बन्धी विवरण**

| जम्मा | प्रतिशत | निरक्षर प्रतिशत |
|---|---|---|
| पुरुष | ५३.६ | ४६.९६ |
| महिला | २७.१ | ७३.२० |

जिल्ला प्रोफाइल, २०७२

यसैगरी यस जिल्लामा विभिन्न तहमा भएको विद्यार्थी र शिक्षकका जानकारी भइसकेपछि प्रा.वि.को परीक्षामा २४,७३९ तथा प्रवीणता प्रमाणपत्र तह १,१७५ रहेका छन् । यसप्रकार यसरी समष्टीगत रूपमा विद्यालय ४०५ विद्यार्थी संख्या १०,१६४१ तथा शिक्षक शिक्षिका २,२९३ जना छन् । त्यसैगरी सहरी जनसंख्या ९.०६% तथा ग्रामिण जनसंख्या ९०.३४ प्रतिशत छन्

यस जिल्लाको आर्थिक रूपमा सक्रिय जनसंख्या २,२३,६४४ जसमा पुरुष १,५१,१५० तथा महिला ७२,४९४ छन् । त्यसैगरी निष्क्रिया अर्थात आर्थिक रूपले निष्क्रिय जनसंख्या १,८४,३३९ जसमा पुरुष ५८,८७६, महिला १,२५,४६३ रहेका छन् ।

**तालिका नं. १.३**

**आंर्थिक गतिविधिमा सक्रिय/निष्क्रिय जनसंख्याको विवरण**

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| आर्थिक रूपले सक्रिय | २,२३,६४४ | १,५१,१५० | ७२,४९४ |
| आर्थिक रूपले निष्क्रिया | १८४,३३९ | ५८,८७६ | १,२५,४६३ |

Source: CBS 2016

धार्मिक दृष्टिले सांस्कृतिक दृष्टिले विविधताले भरिएको यस जिल्लाको हिन्दू धर्मावलम्बीहरुको बाहुल्यता रहेको पाइन्छ । यसैकारणले होलो हिन्दू धर्मको संस्कृतिले बाहुल्यताको रहेको छ । हिन्दू धर्मावलम्बीहरुको संख्या सबैभन्दा बढी ५,१७,९११ जसको प्रतिशत ९०.८८% दोस्रो बुद्ध धर्म, जसको जनसंख्या ९,८९० जुन ७.१८% जसलाई तालिकामा निम्न तवरले प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १.४**

**धर्मका आधारमा जनसंख्या**

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५,१७,९११ | ९०.८८ |
| बुद्ध | ९,८९० | १.७४ |
| इस्लाम | ४०,९२४ | ७.१८ |
| किरात | ७९१ | ०.१४ |
| जैन | २९ | ०.०३ |
| शिख | ७.९ | ०.०१ |
| अन्य | २१ | ०.०९ |

जिल्ला प्रोफाइल CBS 2016

त्यसैगरी यस जिल्लामा बोलिने भाषाहरुमा मुख्य रूपमा मैथिली हो जसलाई बोलिने प्रतिशत ८५.०२%, नेपाली भाषा ५%, थारु ३.१५, हिन्दी १.७८ तथा तामाङ १.०५ प्रतिशत छन् । यसरी भाषिक, जातीय आधारमा पनि यस जिल्लाको विविधतापन झल्केको पाइन्छ । यादव (२४.१५%), मुसलमान (७.२०%), कोइरी (५.५२%) तथा तेली (४.९५%) छन् ।

यसप्रकार सिरहा जिल्लाको भाषिक, जातीय, भौगोलिक संस्कृतिक रूपमा परिचित गराउन सकिन्छ ।

तालिका नं. १

नेपालको आर्थिक वार्ष २०६६/०६७ को शैक्षिक स्थिति र त्रिवर्षीय योजनाको लक्ष्य

| क.सं. | विवरण | आ.व.२०६६/०६७ को शैक्षिक स्थिति | | | त्रि.व.यो. को लक्ष्य |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | कूल | |
| १ | प्रौढ साक्षरता | २२ | ४१ | ६३ | ६७ |
| २ | खुद भर्नादर कक्षा १-५ | ३१ | ६२.७ | ९३.७ | ९० |
| ३ | खुदभर्नादर कक्षा ६-८ | २६ | ३७.२ | ९८ | ९८ |
| ४ | खुदभर्नादर ९-१२ | १०.३ | १३.३ | २३.९ | ९१.३ |

(स्रोत :- केन्द्रीय तथ्यांक विभाग)

नेपालको पहिलो जनगनना अनुसार कुल जनसंख्या मध्ये महिला ५०.१ र पुरुष ४९.९ प्रतिशत रहेकोमा महिलाको साक्षरता ४२.५ प्रतिशत रहेको तथ्यांकबाट देखिन्छ। त्यस्तै पूर्व प्राथमिक तहमा छात्रा भर्नादर ४६.२ प्राथमिक तहमा ४६.४ निम्न माध्यमिक तहमा ४५.७ माध्यमिक तहमा ४५.७ उच्च माध्यमिक तहमा ४३.३ रहेको छ भने उच्च शिक्षामा ३२.७ प्रतिशत मात्र रहेको छ।

सिरहा जिल्लामा गैरसरकारी संधस्थाका  कियाकिलापहरु निकै प्रभाकारी देखिदै आएका छन । गैरसरकारी संस्थाहरुको प्रवेश धेरै पहिला देखि भएको पाईए झै अरुक्षेत्र जस्तै शिक्षामा पनि गैर सरकारी संघसंस्था हरुले सहयोग गर्दै आएको सिरहा जिल्जामा पनि विभिन्न गैरसरकारी संधसंस्थाहरु कियाशिल छ।  बिभिन्न विधालयहरुमा यसले सहयोग गर्दै आएका पाइएतापनि यिनिहरुको सहयोग प्रभाबकारी  तथा उपयोगि भएको जस्ता राम्रो रहेपनि  त्यो कुरा सबै ठाउमा त्यसो भएको हो वा होइन भन्ने जिज्ञासा लागेको हुनाले मैले गैरसरकारी संघसंस्थाको भूमिका भन्नै शिर्षकमा अध्ययन गर्न खोजेको छु।

## १.२ समस्याको कथन :

नेपालमा सामाजिक संघसंस्थालाई गतिशिल सशक्त र प्रभावकारी बनाउन उनीहरुको भावना र प्रयत्नलाई सामाजिक काम प्रति निष्ठापूर्ण बनाउन, गैससको सार्वजनिक छवि र गरिमा उच्च एवं सर्व स्वीकार्य बनाउन तथा समग्रतामा समाज देशलाई समृद्ध, समुन्नत, समावेशी, न्यायपूर्ण बनाई आम नागरिकलाई अधिकार सम्यन्न बनाउने प्राथमिकता हुन । अन्तर्राष्ट्रिय रुपमा गैससको भूमिका महत्वपूर्ण छ । वर्तमान अवस्थामा राज्य जटिल बन्दै गइरहेको छ । राज्य संक्रमणकालिन अवस्थामा छ । तसर्थ राज्यले चाहेर पनि सामाजिक विकासका हरेक पक्षमा ध्यान पुऱ्याउन असम्भव जस्तै भएका छन् ।

यति हुँदा हुँदै पनि गैससका सबैक पक्ष पूर्ण वा सवै दृष्टिकोणवाट पूर्ण छन् । भन्ने होइन । गैर सरकारी संस्थाले विद्यालयमा शैक्षिक गुणस्तरमा वृद्धि गर्नको लागि निकै वजेट, श्रम र साधन स्रोत खर्च गरेका हुन्छन् तर कतिपय विद्यालय विद्यालयका स्टाफको कमी कामजोरीले, दिइएका स्रोत, साधन, सामाग्रीलाई व्यवहारमा नउतार्नाले पर्ना शैक्षिक गुणस्तर खस्कीदै गएको देखिन्छ ।

कक्षा आधारित शक्षिक अभ्यासको आवश्यकतालार्य जोड दिए पनि विद्यालयहरुको लापरवाहीले यस्तो हुन नसकेको हो । School Partnership Worldwide:ब्रिटेन स्थित यो गैर सरकारी संस्थाले ३५ हजार अमेरिकी डलरको लागतमा नेपालमा शिक्षा विकासका कार्यक्रमहरुको संचालन गरेको छ । त्यस्तै Educate the Children संयुक्त राज्य अमेरिकाले नेपालमा शिक्षा विकास र बालकल्याण सम्बन्धी कार्यक्रम संचालन गरेको पाइन्छ । Gap Activity Project वेलायत स्थित यो गैर सरकारी संस्थाले १२ हजार अमेरिकी डलरको लागतमा शैक्षिक क्रियाकलाप संचालन गरेको छ । त्यस्तै Japan Nepal Educational Co-operative Society जपानको सहयोगमा नेपाल जपान विच शैक्षिक अदान प्रदान गर्न स्थापित यो संस्थाले २६ हजार अमेरिकी डलरको लागतमा शैक्षिक कार्यक्रमहरु संचालन गरेको छ । यसरी गैसस ले शैक्षिक कार्यक्रमहरु संचालन गरेपनि यसलाई प्रभावकारी रुपमा विद्यालयले सहयोग गरेको हुदैन । तसर्थ यस्ता अनेकौ समस्याहरु छन् । यसलाई अध्ययन अनुसन्धान गर्नु जसरी हुन्छ । कतिपय विद्यालयमा विभिन्न शैक्षिक सामग्रीहरु, बालवालिकालाई मनोरंजन गराउने सामग्रीहरु, खेल सामग्रीहरु जसलाई विद्यालयहरुले दराजमै सिमति गरिदिएको हुन्छ । विद्यार्थीको हातमा गएपनि शिक्षकको अनुपस्थितिमा

विद्यार्थीहरु कुनै पनि उपलब्धी प्राप्त गरेको हुदैन् । विद्यालयको भौतिक विकासको लागि गैससले निकै योगदान पुर्‍याएको पाइन्छ । तर पनि कतिपय विद्यालयले रकम धेरै खर्च गरेपनि भौतिक स्थितिलाई (सहयोग) गरेका सुधार गर्न सकेका छैन । गैर सरकारी संस्थाहरु र सामुदायिक विद्यालयहरु विच पारस्परिक सम्बन्धको विस्तार गर्नु सार्न्दभिक देखिन्छ । गैससले सामुदायिक विद्यालयहरुलाई शैक्षिक, भोतिक विकासलाई अगाडी बढाउनको लागि सहयोग दिईरहेको हुन्छ तर यसको सदुपयोग कार्यान्वयन प्रभावकारी रुपमा हुन नसकेको विभिन्न कारणहरु छन् । ति कारणहरु के हुन सक्छन् भन्ने कुरालाई मध्यनजर गर्दा विद्यार्थीहरु सक्रिय नहुनु शिक्षकहरु आफ्नो जिम्मेवारीवाट पंछिनु, अभिभावकहरु विद्यालय प्रति कम चासो देखाउनु, स्थानीय वुद्धिजिवीहरु पनि विद्यालय प्रति कमै ध्यान दिनु, विद्यालयको माथिल्लो निकायवाट पनि नियमित रुपमा अनुगमन नहुनु ।

## १.३ समस्याको सार्थकता

हरेक अनुसन्धान कुनै अथपूर्ण समस्या समाधान गर्न नयाँ तथ्य, ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणवाट गरिएको हुन्छ । तसर्थ गैससको योगदान र यसको कार्यान्वयनमा देखिएका समस्याहरुको के कति सार्थकता छ भन्ने कुराको चर्चा गर्नु आवश्यक देखिन्छ । गैससले मानव विकासको लागि, समाज विकासको लागि सकारात्मक सोचले सामुदायिक विद्यालयलाई सहयोग पुर्‍याइ रहेको हुन्छ । तर यसको सहयोग लिएर पनि विद्यालयहरु लक्ष्य प्राप्त गर्न सकिरहेको छैन । यसको खास कारणहरु के हुन सक्छ ? प्रभावकारी रुपमा कार्यान्वयन नहुनुको मुख्य कारण के हुने हो ? कहाँ गएर समस्या आउँछ ? यो किन हुन्छ ? जस्ता अनेकौ प्रश्नहरुको उत्तर खोज्न अध्ययनको जरुरी हुन्छ । मानवले कुनै पनि प्रश्नको गहन अध्ययन नगरे सम्म प्रश्नको उत्तर आउन सक्दैन । कतिपय विद्यालयहरुले सहयोग लिएर त्यसलाई व्यवहारमा उतारेको हुदैन । यसको कारण, आइपरेको चुनौतिहरु, कमीकमजोरी हटाउन स्थलगत अध्ययन अन्तरवार्ता, प्रश्नहरु, सभा, बैठक, सेमिनार, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु गरेर अध्ययन अनुसन्धान गर्नु जरुरी हुन्छ । गैर सरकारी संस्थाहरुले सामुदायिक विद्यालयको स्तर माथि उठाउन योगदान दिइएका हुन्छन तर योगदानलाई कदर र व्यवहारमा यसको कार्यान्वयन फितलो देखिनु जटिल समस्या हो ।

## १.४ अध्ययनको उद्देश्य

- विद्यालयको विकासमा गैससंहरुको भूमिका पहिल्याउन ;
- विद्यालयको विकासमा गैससले पुऱ्याएको योगदानहरुको खोजी गर्न ;
- विद्यालयको विकासमा गैससंको भूमिकालाईअझ प्रभावकारी बनाउने उपायहरु पत्ता लगाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु :

अनुसन्धान कार्यलाई व्यवस्थित र उद्देश्यपरक बनाउनका लागि उद्देश्यको विकल्पको रुपमा अनुसन्धान प्रश्नको प्रयोग गर्ने गरिन्छ । सामान्यरुपमा अनुसन्धान प्रश्नले अनुसन्धानका उद्देश्यलाई प्रश्न वाचक रुपमाा उल्लेख गर्दछ । त्यसैले यस अनुसन्धानले निम्न प्रश्नको उत्तर खोजीगर्न अनुसन्धान कार्यलाई अगाडी बढाइयो ।

१. सामुदायिक विदालयहरुमा शैक्षिक गुणस्तर वृद्धि गर्नमा कस्तो भूमिका खेलेका छन ?

२. गैससहरुले सामुदायिक विद्यालयहरुलाई सहयोग मात्रै प्रदान गरेको छ कि त्यसको अनुगमन पनि गरेको छ ?

३. कार्यान्वयन पक्षमा कतिको जोड दिइएको छ ?

४. अभिलेख राख्ने काम गरेको छ कि छैन ?

## १.६ अध्ययनको परिसिमाहरु :

समय, साधन र स्रोतको अभावले गर्दा यो अध्ययन सिरहा जिल्लामा गरिने छ । यस जिल्लााका सामुदायिक विद्यालयहरु जुन गैरसरकारी संस्था समेतको साझेदारीमा विद्यालय सुधारको योजना वनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मुल्यांकन गर्ने, अभिलेख राख्ने कार्य गरिरहेका छन् उक्त विद्यालयहरुको मात्र शिक्षक, प्र.अ., वि.व्य.स., वि.नि., श्रोत व्यक्ति, विदार्थी र गैससंका स्टाफहरुमा सिमित रहने छ । यो अध्ययन गैरसरकारी संस्थाहरुले विद्यालय शिक्षा विकासमा पुऱ्याएको योगदानको उपलब्धी स्तर के कसो रहयो भन्ने कुरामा आधारित रहेका छन् ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक खाँका

गैर सरकारी संस्थाहरुले सामुदायिक विद्यालयहरुमा समय समयमा सहयोग पुऱ्याउदै आएका हुन्छन् । र शैक्षिक जगतमा गैर सरकारी संघसथाहरुले निकै योगदान पुऱ्याएका छन् । यो बारेमा विभिन्न पत्र पत्रिकामा लेखहरु पनि प्रकाशित नभएका होइन तसर्थ मैले एउटा शिक्षक मासिक पत्रिका २०६५ असार June 2008 पाँचौ अंक पृष्ठ ५५ मा प्रकाश सिंह अधिकारीद्वारा लेखिएको स्कुलमा गैरसरकारी संस्था माथि सैद्धान्तिक एवं व्यवहारिक पक्षको विश्लेषण गरिएको छ । साहित्यको पुनरावलोकन (Reviewing the Literature) यसरी स्कूलमा गैरसरकारी संस्था भन्ने प्रस्तुत लेखमा तल उल्लेखित केही एजेन्डालाइ अहिले प्रस्तावको रुपमा लिएको छ ।

सैद्धानितक खाका शिषालाई चार दिवारवाट वाहिर ल्याउन एवं विद्यमान् सबै प्रकारका सामाजिक आर्थिक संस्थालाई शिक्षा दिने माध्यमका रुपमा प्रयोग गर्नुपर्ने धारणा UNESCO ले दिएको छ ।

"Education must lleose confined within school house wals. All kinds of existing institutions whether designed for teaching or not and many form of social and economic activity must be used for education purpose."

त्यसरी नै वास्तविक मूलय र प्रतिस्पर्धाको आधारमा प्रकृति र प्रेरणा वृद्धि गराउँदै जीवन पर्यत्न शिक्षाको धारणलाई अघि बढाउनलाई निरन्तर रुपवाट शिक्षा प्रदान गर्नुपर्ने धारणा UNESCO को 1072 को प्रतिवेदनले जोड दिएको छ । The concept of life long educaton should radically change promotion and certificate aptitude and motivation over and above marks class ranking and list of credits obtained. अर्थात शिक्षालाई एउटै मात्रै संकाय क्षेत्र पेशा वा व्यवसायमा सिमित नराखी विदालय भित्र र वाहिर दुवै अवस्थावाट व्यक्तिलाई पर्ने जुनसुकै समस्या पनि समाधान गर्नका लागि दिनदिनै सिक्नुपर्ने आवश्यकता परेबाट निरन्तर शिक्षाको अत्यावश्यक भएको प्रमाणित हुन्छ । चन्द्रवहादुर थापा व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन सहायक)

गैरशैक्षिक क्षेत्रको परिचालन (Mobilization of Non educational Sectors) साक्षरता कार्यक्रममा सरकारले गैरसरकारी र गैरशैषिक क्षेत्रलाई समेत परिचालन गर्नुपर्दछ । अर्थात समाजमा विध्मान विभिन्न क्षेत्रहरु, स्वयंसेवकहरु, आमसञ्चारका माध्यमहरु, स्वास्थ्य र कृषि विस्तार सेवामा संलगन संस्थाहरुलाई समेत परिचालन गर्नुपर्दछ । यसप्रकार संचालित कार्यक्रमहरु सकल हुन्छन् ।

सरकारी-गैरसरकारी संघ संस्था विच समन्वय कायम आर्थिक उपार्जनका कार्यक्रम र अन्य आवश्यकताहरुको पहिचान र सामुदायिक विकासमा महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ ।

अनौपचारिक शिक्षा संचालनमा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु पनि अगाडी आए । अव सरकारी तथा गैरसरकारी दुवेतहका संचालित कार्यक्रमहरु गैरसरकारी संस्था मार्फत सञ्चालनमा छन् –

क) प्रौढ शिक्षा कार्यक्रम (Adult Education Programme)

ख) महिला शिक्षा कार्यक्रम (Women Education Programme)

ग) वैकल्पिक विद्यालय कार्यक्रमहरु (Alternative School Programme)

घ) प्राथमिक शिक्षा विस्तार कार्यक्रम (School Outreach Programme)

अनौपचारिक प्राथमिक शिक्षा (लचिलो विद्यालय कार्यक्रम) Flexible Schooling Programme)

**विभिन्न गैरसरकारी संस्थाद्वारा संचालित साक्षरता तथा आयआर्जन कार्यक्रमहरु**

- (Literacy and Income generating programmes conducted by different Non-government organizations)
- छोटो अवधिका पेसागत विकासका लागि संचालित तालिमहरु (Short-term training for professional Development)
- दुर शिक्षण कार्यक्रम (Distance Education Programme)

विद्यालयको विकासमा समुदाय परिचालन (Comunity Mobilization)-स्रोतकेन्द्रले विद्यालयको विकासका लागि स्थानीय समुदाय, आमा समूह, गैरसरकारी संघ/संस्था (NGOs). समुदायमा आधारित संघ/संस्थाहरु (CBO), गाउँ विकास समिति (Village Development Committee) र गाउँ शिक्षा समिति (Village Education Committee VEC) लाई समेत परिचालन गरी स्थानीय स्रोत साधनको अधिकतम प्रयोग र परिचालनमा सहयोग पुऱ्याउँछ । सरकारी कार्यान्वयन (Government Implimentation) सरकारका

विभिन्न निकायहरु, अडा-अदालतहरु र सरकारी र गैरसरकारी संघ संस्थाहरुलार्य काम लगाउनुपर्ने जिम्मेवारी हुन्छ । यस्ता जिम्मेवारी पूरा गर्न गराउन नियम-कानून र पद्धतिको निर्माण तथा कार्यान्वयन कर्मचारीहरुको हाजिरी अभिलेख, विशेष घटनाक्रमको अभिलेख कार्यक्रम निर्माण र कार्यान्वयन, चिट्ठी-पत्र लेखन, हिसाब-किताबको अभिलेख, फायल लेजर आदिको काम गर्नु गराउनु पर्दछ । यस्ता सबै कामका लागि कम्प्यूटरको प्रयोग हुने गर्दछ ।

शर्मा एण्ड शर्मा (२०६४) का अनुसार प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ । सामाजिक विभेदिकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आफ्ना विचार वा चिन्तनहरू प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमा समाज सञ्चालनका लागि यस प्रकारका चिन्तनक्हरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् । ग्रिसेली प्रसिद्ध विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको वाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

शर्मा (२०६२) का अनुसार मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा लेखिएको छ : प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइने छ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०६०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा”मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेका मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् ।

खनाल (२०६४) का अनुसार विश्वका १६१ देशका ३१५ देशका सघं , संगठनहरुको अन्तराष्ट्रिय महासघंद्वारा चलाइएको “ सबैको लागी शिक्षा -२०१५ ” को अभियानले गुणस्तरीय शिक्षाको लागी समुदायमा स्वायतता र विकेन्द्रिकरणको नयाँ स्वरुप विकास गर्दै शिक्षालाई सिमान्त बालवालिकाको आवश्यक्ता र स्थानीय आवश्यक्ता अनुरुप वनाउन स्थानीय समुदाय र बालवालिकाहरुलाई गुणात्मक शिक्षा प्रकियाको केन्द्र विन्दुमा राख्नु पर्ने र सामुदायीक अध्ययन केन्द्रलाई सिमीत समुदायको संरचनामा मात्र नराखी सरोकारवाला समुह , शैक्षिक संस्थाहरु , महिला समुहरु , अभिभावक सघं सगठन र र्निवाचीत प्रतिनीधि समेत गरी समग्र समुदायको संरचनामा विकास गर्ने पर्ने जोड दिइएको छ।

लम्साल (२०६६) का अनुसार बालवालिकाहरुको आधारभुत तहसम्मको शिक्षाका लागी राज्य जिम्मेवार भएपनि शिक्षामा भएको खर्चको हिसावले राज्य , अभिभावक र दातृ निकाय गरी तीनवाट श्रोत संलग्न छन् । तर यी तीन वटा निकाय मध्ये राज्य सवै भन्दा ठुलो लगानीकर्ताको रुपमा रहनु पदर्छ । नेपालको शैक्षिक उपलव्धि त्यति उत्साहजनक हुन सकेको छैन , तर पनि विधार्थीको पहुचँमा बृद्वि भएको छ । कक्षा छोड्ने र कक्षा दोह्-याउने विधार्थीहरुको सख्यामा कमी आएको छ । अभिभावकको सामाजिक , आर्थिक अवस्था र वालवालीकाको शिक्षाबीचमा प्रत्यक्ष तर विपरित किसिमको सम्वन्ध रहेको छ । त्यसैले शैक्षिक निति तजुर्मा गर्दा अभिभावकको आर्थिक एवम् सामाजिक अवस्थालाई ध्यान दिनुपर्छ ।

भट्ट ( २०६७) का अनुसार शिक्षामा हुने सरकारी लगानी शिक्षाको गुणस्तर र पहुँचको सुनिश्चितताकालागी हुनुपदर्छ । शिक्षा क्षेत्रमा हुने लगानी पुर्ण रुपमा पिछिडिएको तथा कमजोर वर्गमा केन्द्रित गरी शैक्षिक न्याय प्रदान गरिने तर्फ ध्यान केन्द्रित गर्दै लागत साझेदारी , लागत आपुर्ती सिद्वान्तलाई बढी जोड दिदैं अन्य क्षेत्रको आकर्षण हुन नसक्ने दुगर्म तथा पिछिडिएको क्षेत्रमा सरकारले लगानी बढाउनु पदर्छ । सम्भ्रान्त वर्गले आफै लगानी गर्न सक्ने हुदाँ कमजोर वर्गको पक्षपातरहित पहुँच कायम गरी मुलुकवाट गरिवी तथा पछौंटेपनको अन्तय गर्न शिक्षामा सरकारी वजेटको कम्तिमा २० प्रतिशत लगानी पु-याई यसको ठुलो अशं आधारभुत तहको शिक्षामा लगाउनुपर्ने देखिन्छ । स्थानीय निकायको सक्षमता विकास गरी उनीहरुको आवश्यक्ता पहिचान मागका आधारमा लगानी गर्ने निती अवलम्वन गर्नुपर्छ । स्थानीय निकायको भुमिका प्रभावकारी वनाएमा गुणस्तरीय शिक्षा सम्भव हुन्छ । यस सिलसिलामा सुवेदी (२०६७) का अनुसार सन् १९६० तिर गरिएको परीक्षणमा बालवालिकाको सिकाई मा विधालयीय तत्व भन्दा घरायसी तत्वको भुमिका बढी हुने भनिए तापनि हाल त्यसो नभई दुवै तत्व जिम्मेवार मानिन्छ । नेपाल जस्तो गरीव मुलुक जहाँ हात मुख जोर्न धौ-धौं पर्ने ३५ प्रतिशत जनता गरीवीको रेखामुनी छन् । त्यहाँ बच्चाको सिकाईमा विधालयले महत्वपुर्ण भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । विधालय प्रभावकारीतालाई सिकाइ उपलव्धि मार्फत हेरिनु उपयूक्त हुन्छ । हाम्रो देशमा आम अभिभावकले शिक्षा नै बुझेको छैनन् । घरको वातावरण शिक्षा लाई प्रवाहक शक्तिको रुपमा सहयोग गर्ने खालका छैनन् । विधालय पठाउने मात्रै पनि ठूलो कुरा मानिन्छ । तसर्थ विधालयले नै बढि भूमिका खेली प्रभावकारी शिक्षण गरिनु पर्ने देखिन्छ ।


कोइराला (२०६७) का अनुसार नेपालमा शिक्षा क्षेत्रमा लगानी वर्षेनी बढाउदै लगीएको छ । तर प्रतिफल उल्लेखनीय रुपमा बृद्धि भएको छैन । गुणस्तरीय शिक्षा पाउन नसक्नु अहिलेको समस्या हो । शिक्षामा लगानी हेर्दा निजी विधालयमा सरकारी लगानी नगन्य छ भने सामुदायीक विधालयमा अरबौंको लगानी सरकारले गरेको छ । तर त्यहाँवाट उत्पादित जनशक्तिको गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छैन । एकातिर नीतिगत निरन्तरताको अभाव छ भने गरणस्तरीय शिक्षाजोड दिने गरी निति नवन्नु अर्को समस्या छ । वास्तवमा हालसम्मको प्रवृतिलाई हेर्दा शिक्षालाई सरकारले प्राथमिक्तामा पारेको देखिदैन भने स्पष्ट नीतिको अभावमा विधालयहरु अन्यौलग्रस्त छन् । अहिले शिक्षा मन्त्रालयको मागँ कम्तिमा राष्ट्रिय बजेटको २० प्रतिशत रकम छन् । तर सरकारले करीव १७ प्रतिशत बजेट छुट्याएको देखिन्छ् । शिक्षाको गुणस्तर कायम राख्न तालीमप्राप्त गुणस्तरीय शिक्षक आवश्यक छ । यसै सम्वन्धमा , शिक्षाको माग अनुसार सामुदायीक प्राथमिक विधालयमा प्रयाप्त सरकारी लगानी भएको छैन । तलबभता । प्रशासनीक खर्च , पोषाक , पाठ्यपुस्तक र छात्रवृतिमा सरकारले लगानी गरेको छ । समुदायवाट भौतिक पक्षको निमार्णमा सहयोग भएको पाइएको छ । केही विधालयहरुलाई स्थानीय निकाय र गैर सरकारी सघं संस्थाहरुले पनि सहयोग गरेको पाइएको छ । सबै सामुदायीक विधालय पुर्ण रुपमा निःशुल्क भए पनि केहीले भर्ना ,परीक्षा ,विविध खर्च जस्ता नाममा शुल्क लिईरहेका छन् । लगानी वृद्बि गर्ने आयहरुमा सामुदयीक विधालयका छुट्टै बजेट विनियोजन गर्ने ,सरोकारवालाहरुलाई जिम्मेवारी वढाउने , विधालयलाई शान्ति क्षेत्र घोषणा गर्ने , विधालय व्यवस्थापन समिति , प्रधानाध्यापक र शिक्षकलाई आर्थिक व्यवस्थापन तालमि दिने , विधालयमा राजनिति नगर्ने , विधिको शासन हुनु पर्ने , विधालयको श्रोत साभनलाई उच्चतम प्रयोगमा ल्याउनु पदर्छ ( कुशवाहा,२०६८ ) ।

अतःसामुदायीक विधालयमा प्रयार्प्त सरकारी लगानी समय सापेक्ष हुन सकको छैन तथा समुदाय , स्थानीय निकाय र गैर सरकारी सघं संस्थाहरुको पनि सहयोग आवश्यक रहेको छ भने यो शोध अध्ययनले ठहर गरेको छ ।

उपरोक्त अध्ययन अनुसन्धानले के ठहर गरेको छ भने हरेक कार्यको जुनसुकै पक्षमा सफलता प्राप्तिका लागी निश्चित प्रणालीमा बाँधिएर गरिएको आर्थिक लगानीले दक्ष जनशक्ति उत्पादनका लागी महत्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसैले विना आर्थिक प्रवन्ध

कुनै पनि कार्यलाई सफल वनाउन सकिदैन । आर्थिक स्रोत साधन र त्यसको उचित निणर्य एवम् कार्यका माध्यमवाट गरिएको प्रभावकारी परिचालन बेगर कुनै पनि कार्यको अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिदैन भन्ने निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## २.२ अध्ययनको अवधारणात्मक खाका




शिक्षामा गरिने लगानी एउटा पद्वति हो । यो समय , स्थान , विशेषमा फरक -फरक हुन सक्छ । सामान्य अर्थमा , शिक्षा खर्चको चाँजो पाँजो मिलाउने र समुचित बाँडफाँड गर्न नियमित प्रकृयालाई शैक्षिक लगानी भन्न सकिन्छ । शिक्षालाई लगानी र उपभोगको रपमा लिन सकिन्छ । लागत लाभको शिद्धान्त तथा शिक्षामा लगानीको स्वरुपलाई लगानीको आपुर्ति पक्ष र लगानीको मागँ पक्ष गरी अलग अलग दृष्टिकोणवाट हेर्न सकिन्छ । लगानी र मागँ सम्वन्धि विवेचना गर्दा “ जोहन्स र मोरफेट ( सन् १९७५ ) का सिद्वान्त तथा वेल्स र एमसिजीन सन् १९९० का सिद्वान्तहरु ” उल्लेखनीय छन् । यहाँ यिनीहरुकै सिद्वान्तहरुलाई चर्चा गर्न उपयुक्त देखिन्छ ।

जोन्स र मोरफेटका अनुसार शिक्षाको लगानीलाई भावी सन्तुष्टि दिने साधनका रुपमा लिइन्छ । यो नियमित चलिरहन्छ । नयाँ - नयाँ ज्ञान र सिपको विकास मार्ग लगानीको यन्त्र पनि परिवर्तन हुदैं जान्छ । यसै परिप्रेक्षमा शैक्षिक लगानीका केही नयाँ अवधारणाहरु विकसित भए । जस्तै : लगानीको सामाजिक मागँ सम्वन्धि दृष्टिकोण , लगानीको

मानवश्रोत पहिचान एवम् विकास सम्वन्धि दृष्टिकोण , लगानीको प्रतिफल दर सम्वन्धि दृष्टिकोण । शिक्षाको सार्वजनिक खर्चलाई सामाजिक कल्याण र सामाजिक मागका आधारमा लगानीको चाँजोपाँजो मिलाउने पद्वतिलाई लगानीको सामाजिक मागँ सम्वन्धिको दृष्टिकोण भनिन्छ । उदाहरणका लागी उच्च शिक्षा भन्दा प्राथमिक शिक्षाको सामाजिक माग वढि हुने हुनाले सार्वजनिक स्रोतको सिद्वान्त अधिकांश हिस्सा प्राथमिक तहको शिक्षामा खर्चिएको हुन्छ । शिक्षाको आर्थिक विशेषता अर्न्तगत शिक्षालाई लगानी र उपभोगको रुपमा लिइन्छ । शिक्षाले सामाजिक मुल्य र मान्यतालाई एक पुस्तावाट अर्को पुस्तामा हस्तात्तरण गर्ने कामलाई यसको सामाजिक कार्यका रुपमा लिइन्छ भने व्यक्तिलाई आफ्नो आवश्यक्ता अनुकुल समायोजन हुन भावी सन्तुष्टि लिन सकिन्छ । विशेष गरी मानवीय पुँजी निमार्णमा प्रयोग हुने अनुमानीत आधारहरु मध्ये शिक्षाको संस्थागत संरचना एवम् देशको आर्थिक एवम् सामाजिक विकासको गतिलाई लिन सकिन्छ । अर्थशास्त्रीय भाषमा लगानी र प्रतिफललाई वितीय नीतिको केन्द्र विन्दु मानिन्छ । यसमा लगानी अनुसार प्रतिफलको आशा गरिन्छ । यसलाई लागत लाभको सिद्वान्त भनिन्छ । यस सिद्वान्तमा शैक्षिक लगानलाई कुनै उक पक्षमा भन्दा शिक्षाका सवै तह तथा स्तरमा सामुपातिक ढङ्गले लगानी गदा्र वढी उपयोगीता प्राप्त गर्न सकिन्छ भन्ने मान्यात शिक्षावाट प्रदान हुने व्यक्तिगत लाभ र सामाजिक कामको चर्को बहशलाई निम्तयाउन सकेको देखिदैन । संसारमै सार्वजनिक शिक्षामा आवश्यक साधन स्रोतमा सहुलियत प्रदान गर्ने राज्यको निति वनेको हुन्छ । यही नीति अर्न्तगत प्राथमिक तथा पुर्व प्राथमिक तहवाट अत्यधिक लाभ प्राप्त गर्न सकिने हुनाले अधिकाश मुलुकमा प्राथमिक तहको शिक्षालाई निःशुल्क र अनिवार्य गरिएको पाइन्छ ।

ढकाल, (२०६६) ले घरपरिवारको गरिबी, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, माथिल्लो जातिबाट हुने हेलाले गर्दा कुमाल बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागि गराउन उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया

गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने, आदि उपाय प्रस्तुत गरेका छन् ।

नवौं योजनाको दीर्घकालिन अवधारणालाई पनि सकार पार्नको लागि गैरसरकारी संस्थाहरुले सहकार्य गर्नु सान्दर्भीक हुन्छ । शिक्षाको संख्यात्मक तथा गुणात्मक विकास गर्नुका साथै नेपालमा गरिबी उन्मूलन गर्न आर्थिक-सामाजिक उत्थान मार्फत जीवनस्तरमा प्रभावकारी सूधार ल्याउन मानव स्रोत र साधनको उचित उपयोगद्वारा राष्ट्रिय विकास हाँसिल गर्न शिक्षालाई मूल माध्यमको रुपमा विकास गर्ने नीति नवौं योजनामा लिइएको छ । यस नीतिलाई दृष्टिगत गरी नवौं योजनामा मानव स्रोत र साधनको विकास र गरिवी उन्मुलन गर्ने माध्यमका रुपमा शिक्षालार्य विकास गर्ने, प्रजातन्त्र प्रति सचेत, समर्पित, सक्षम, उत्पादनशिल र अनुशासित, जिम्मेवार र राष्ट्रियता प्रति संवेदनशिल नागरिक तयार गर्ने, प्राथमिक एवं उच्च माध्यमिक शिक्षालाई विस्तार गर्ने, साक्षरतालाई राष्ट्रिय अभियानका रुपमा संचालन गर्ने, आधारभूत तथा मध्यमस्तरका सीपयुक्त प्राविधिक जनशक्ति तयार गर्ने, उच्च प्राविधिक शिक्षाको विकास गर्ने, महिला, विपन्न वर्ग तथा अपाङ्ग एवं पिछिडिएको जनजाति तथा क्षेत्रका जनतालाई शिक्षाको अवसर प्रदान गर्ने जस्ता क्षेत्रगत तथा विषयगत उद्देश्यहरु एवं लक्ष्यहरु लिइएको  छ । पूर्व प्राथमिक तथाा प्राथमिक शिक्षा योजनामा उल्लेख गरे अनुसार पूर्व प्राथमिक कक्षाहर संचालन नभएको र अपेक्षा गरे अनुसार विद्यार्थी संख्या नभएकाले पूर्व प्राथमिक शिक्षा विद्यालयमा नै संलग्न गरी संचालन गर्ने वा समुदायमा सामुदयिक कार्यक्रमका रुपमा संचालन गर्ने भन्ने विषयमा मतमतान्तर रहेको छ । समुदाय एवं स्थानीय निकाय, गैरसरकारी संस्थाहरुको संलग्नता प्रवर्द्धन गर्न सकेको देखिन्न । आधारभूत तथा प्राथमिक शिक्षा लागु भएतापनि अपेक्षा गरे अनुसारको प्रगति हुन नसक्नु समस्याका रुपमा देखिएको छ । प्राथमिक विद्यालयहरु कम्तीमा १८० दिन पनि संचालन हुन नसक्नु चुनौतकिा रुपमा रहेको छ । त्यसै गरी प्राथमिक विद्यालयका भौतिक विकासमा लक्ष्य अनुसारको प्रगति नहुनु र प्राथमिक शिक्षालाई अनिवार्य गर्न नसक्नु चुनौतिका रुपमा रहेको छ ।

देशको निरक्षरता उन्मूलनका लागि अनौपचारिक शिक्षाका कार्यक्रमहरुलाई आवश्यक मात्रामा तर्जूमा र विकास गरिएको छैन । साक्षरताका कार्यक्रमहरु केही जिल्लामा संचालन गरिए तापनि सबै जिल्लाहरुमा अभियानका रुपमा संचालन गर्न सकिएको छैन । अनौपचारिक शिक्षाको विकासमा स्थानीय निकायहरुको सक्रिय संलग्नता, गैरसरकारी

संस्थाहरुको सक्रिय सहभागिता जनचेतनाको विकास तथा निरीक्षण र अनुगमन प्रभावकारी रुपमा हुन नसक्नुलाई चुनौतिका रुपमा मान्न सकिन्छ ।

१. कक्षा एक देखि शुरु : पहिलो वर्ष आफूले जतिगर्ने हो त्यो कक्षा एकको लागि मात्र गर्ने । अर्को वर्ष कक्षा दुई आदि गर्दै कम्तिमा पाँच वर्ष काम गर्ने योजना वनाउन सके विद्यालय र गैससंको पक्षमा ढुक्क भर्य काम गर्ने वातावरण सृजना हुने थियो ।

२. गुणात्मक शिक्षामा जोड : कक्षाको वातावरणमा सुधार ल्याउने र शिक्षककहरुको लागि वालकेन्द्रीत शिक्षण सिकाई तालिमको व्यवस्था गर्नुपर्छ । गुणात्मक शिक्षाको परिभाषा आ-आफ्ना परिवेश अनुसार फरक-फरक छन् तर पनि एउटा अध्ययनले गुणस्तरीयतालाई सुनिश्चित गर्न देहायका तत्वहरुको आवश्यकता औल्याएको छ :

- ✓ विद्यालय सहयोगमा वहुपक्षीय संलग्नता
- ✓ शैक्षिक व्यवस्थाको विस्तारित र गहन सञ्जालको निर्माण
- ✓ सुधार आँफै एउटा सिकाइ प्रक्रिया बनाउनु पर्ने
- ✓ कक्षा आधारित शैक्षिक अध्यासको आवश्यकतालाई प्राथमिकता दिने
- ✓ शिक्षक संघ नयाँ कुरा सिक्न उत्सुक
- ✓ उत्तरदायितव जिम्मेवारीको वोध
- ✓ विद्यालयलाई स्थानीय र केन्द्रिय दुवैस्तरवाट निरन्तरको सहयोग र सशक्तिकरण
- ✓ अभिभावक र समुदायको निरन्तर र अन्तरक्रियात्मक सहभागिता
- ✓ कोष स्थापना
- ✓ अभिभावक तथा समुदाय परिचालन
- ✓ संयुक्त नेतृत्वको लागि शिक्षक तथा विद्यालय व्यवस्थापन समिति संग स्वस्थ सम्बन्धको विस्तार

साना किसिमका कार्यगत अनुसन्धान शिक्षालाई अन्य विकास कार्य संग एकीकृत गर्ने जस्ता कुराहरु उपयुक्त र आजको समय सापेक्ष सान्दर्भिक छ ।

शिक्षा मन्त्रालयले गैससंलाई तालिम वा अभिमुखिकरण कार्यक्रम, अवलोकन भ्रमण गोष्ठी, राष्ट्रिय र अन्तर्राष्ट्रिय तालिम आदिमा सहभागी गराउनुपर्छ । साथै भविष्यमा शिक्षा सम्बन्धी कुनै पनि काम, नीति र निर्णहरु गर्दा गैससंलाई सहभागी गराउन विर्सनु हुँदैन । यसको साथ साथै शिक्षा मन्त्रालयले विद्यालय र गैससंको कामको निरन्तर अनुगमन गर्नुपर्दछ । नराम्रो काम गर्नेलाई दण्ड र राम्रो काम गर्नेलाई पुरस्कारको व्यस्था गर्न पनि शिक्षा मन्त्रालय पछाडी पर्नुहुन्न । शिक्षा मन्त्रालयले उपलब्धि देखाउन नसक्ने गैससंलाई तुरुन्त विद्यालय छोड्न लगाउन पनि सक्नु पर्छ र भविष्यमा त्यस्ता गैससंलाई कुनै पनि कार्यमा सहभागी गराउनुहुन्न । कार्यगत एकता वा एकपताको लागि विद्यालय विकासमा संलग्न गैससंको सञ्जालालाई सबैको लागि शिक्षामा लगानी गरिरहेका वा गर्न चाह्ने जुनसकै दातृ संस्था सहयोग गर्न तयार हुनुपर्छ । गैससंहरुले यस्तो अवसरको फाइदा उठाउन सकनु पर्दछ । भन्ने कुरामा विचारगर्दा गैससंहरुले हाम्रो शैक्षिक अवस्था माथि उकास्नको निम्ति आएको छ कि आफ्नो फाइाको लागि आएका छन पत्ता लगाउन कठिन पर्दछ । त्यो किन हो भनने कुनै पनि गैससंको सहयोग र प्राप्त भएका उपलब्धिहरुको लेखा जोखा वैज्ञानिक प्रणालीवाट नहुनु । गैससंको छनोट प्रीक्रया कडा हुनु पर्दछ । गैरसरकारी सस्था ंलाई स्थानीय स्तरमा वढी लचिलो भई अभिभावक विद्यालय शिक्षक र विद्यार्थीहरुको प्रत्यक्ष सहभागितामा कार्यक्रमलाई अगाडी बढाउदै लैजानु उपयुक्त हुन्छ ।

## २.३ अध्ययनको सैद्धान्तिक खाँका

सरकारले तयार पारेको समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ अनुसार समुदाय अभिभावक, शिक्षक र व्यवस्थापन समितिले गैरसरकारी संस्था समेतको साझेदारीमा विद्यालय सूधारको योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने मूल्यांकन गर्ने तथा अभिलेख राख्ने कार्यको व्यवस्थापन गर्ने कार्य गरियो । (शि.मा. असार २०६९)

त्यस्तै यो वाहेक स्थानीय स्वायत शासन ऐन तथा निर्देशिका २०५५ ले पनि विद्यालय सूधारको लागि गैरसरकारी संस्थाहरुको प्राविधिक सहयोगलाई अपरिहार्य शर्तको रुपमा स्वीकार गरहेको छ । (शि.मा. असार २०६५)

त्यसैगरी डकार कार्ययोजना २००० ले पनि सन् २०१५ सम्ममा सबैको लागि शिक्षाको पूर्ण प्राप्तिका लागि गैरसरकारी संस्थाहरुले साझेदारको रुपमा काम गर्नुपर्ने अवधारणा अगाडि सारेको छ । यसै कुरालाई स्वीकार्दै नेपालले पनि आफ्नो राष्ट्रिय कार्य योजना २०००-२०१५ निर्माण गऱ्यो । यो कार्य योजनालो किटानका साथ उल्लेख गरेका १८२ क्रियाकलापमध्ये पचाँस वटा भन्दा बढी क्रियाकलाप गैरसरकारी संस्थाको जिम्मामा सूम्पेको छ ।

राष्ट्रिय कार्य योजना अर्न्तगत तेह्रौ २०७०/०७१ देखि २०७२/०७३ को २००१ देखि २०१५ को अनुसार स्रोत (शि.से. आयोग प.स. एम. आर. शर्मा पौडेल) यसरी देशवाट निरक्षरता उन्मूलन गर्दै गुणस्तरयूक्त शिक्षामा पहुँच अभिवृद्धि गर्ने, सबैकालागि शिक्षा भन्ने सहसाव्दी विकास लक्ष्य हासिल गर्ने र सन् २०२२ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रहरुवाट स्तरोन्नति गर्ने दीर्घकालिन सोच हाँसिल गर्ने तर्फ शिक्षा क्षेत्रका प्रयासहरु केन्द्रित छन् तसर्थ सरकारका साथै नीजि क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय एवम समुदायलाई समेत सहभागी र उत्तरदायितव वनाई समग्र शैक्षिक प्रणाली, प्रक्रिया र क्रियाकलापलाई सुशासनका सिद्धान्त अनुरुप संचालन गर्दै सेवा प्रवाहलाई छिटो, छरितो तथा प्रभावकारी बनाउने प्रयास भैरहेको अवस्थामा गैरसरकारी संस्थाहरुको सहभागीले गर्दा उल्लेखीय रुपमा कार्यनीति नीजिक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरुसंको सहकार्यवाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरु विस्तार गरियो ।

प्रारमिभक बालविकास केन्द्रहरुको स्थापना, संचालन र नियमित अनुगमनको लागि स्थानीय निकाय, समुदाय र गैरसरकारी संस्थासंग सहयकार्य गरियो ।

शिक्षालाई चार दिवारवाट वाहिर ल्याउन एवं विधमान् सबै प्कारका सामाजिक आर्थिक संस्थालाई शिक्षा दिने माधयमका रुपमा प्रयोग गर्नुपर्ने धारणा UNESCO ले दिएको छ । Education must leose confined within school house walls. All kinds of existing institutions. Whether designed for teaching or not and many form of social and economic activity must be used for education purpose.

त्यसरी नै वास्तविक मूल्य र प्रतिस्पर्धाको आधारमा प्रकृति र प्रेरणा वृद्धि गराउँदै जीवन पर्यत्न शिक्षाको धारणालाई अघि बढाउनलाई निरन्तर रुपवाट शिक्षा प्रदानगर्नुपर्ने धारणा UNESCO को 1972 को प्रतिवेदनले जोड दिएको छ । The Concept of life long education should radically change, promotion and certificate aptitude and motivation

over and above marks class ranking and list of credits obtained. अर्थात शिक्षालाई एउटै मात्रै संकाय क्षेत्र पेशा वा व्यवसायमा सिमित नराखी विद्यालय भित्र र वाहिर दुवै अवस्थावाट व्यक्तिलाई पर्ने जुनसुकै समस्या पनि समाधान गर्नका लागि दिनदिनै सिक्नुपर्ने आवश्यकता परेवाट निरन्तर शिक्षाको अत्यावशयक भएको प्रमाणित हुन्छ । - थापा,चन्द्रवहादुर : २०७१

## २.४ शैक्षिक उपाद्देयता

समुदायिक विद्यालयहरुमा गैरसरकारी संस्थाहरुको सहकार्यवाट विधालयहरुको विकास प्रभावकारी रुपमा हुन्छ । मानिस समाजमा बस्छ र समाजको चाहना इच्छाअनुसार नै विद्यालयको स्थापना भएको हुन्छ । तसर्थ विद्यालयमा समाजको एक्लै प्रयासले विद्यालय अगाडी कदापी वढन सक्दैन । विद्यालयमा सरकार समाज र सम्बन्धी क्षेत्रका संकायहरुको साथै अनौपचारिक रुपमा जबसमम गैससंहरुसँग सहकार्य गर्न सक्दैन तवसम्म विद्यालयको विकास सम्भव छैन ।

यस अध्ययन अनुसन्धानले शिक्षामा सरोकार बाला सबै पक्षलाई शैक्षिक योजना, व्यवस्थापन कार्यानवयन र व्यखको प्रभावकारी लाभसँग प्रत्यक्ष सहभागी गराई समताको आधारमा समाजका सम्बन्धित सबै पक्षलाई शैक्षिक लाभको विशेषदुरीमा सरीक गर्नमा यो शोधग्रन्ध उपयोगी सिद्ध हुन्छ ।

यसले गैससंहरुको सहकार्यको व्यवसायन रुपमा कार्यान्वयन, अनुगमन, तथ्याँक अभिलेख राख्न सक्षमता अभिवृद्धि गर्नमा उपयागी हुन्छ ।

# परिच्छेद तीन

## अनुसन्धान  विधि र प्रक्रिया

अनुसन्धान कार्य सम्पादनको लागि कुन तौरतरिकावाट तथ्यांक संकलन गर्ने प्रस्तुतिकरण गरी विश्लेषण गर्ने र अन्तमा निष्कर्षमा पुग्ने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । कुनै पनि अध्ययन कार्यलाई उद्देश्यमूलक बनाउने कार्यमा अध्ययन विधि अत्यन्तै महत्व राख्दछ । यो अनुसन्धान कार्य सम्पन्न गर्ने मूल साँचो हो । यसले अध्ययनको क्षेत्र, खोजीगर्ने तरिका, तथ्यांक संकलनको प्रक्रिया, नमूना छनौट, जनसंख्या र अनुसन्धान कार्यमा प्रयोग हुने उपकरणहरुको बारेमा समेत शिक्षा निर्देश गर्दछ । समग्रमा भन्नुपर्दा अध्ययन विधिले अनुसन्धानात्मक ढाँचा, जनसंख्या छनौट तथ्यांक संकलन गर्दा अपनाउने प्रक्रिया प्रश्नावली निर्माण, अन्तरवार्ता, सर्वेक्षण फारम अवलोकन फारम तथा समूहगत कुराकानी निर्दिशिका जस्ता तरिकाहरुको वारेमा अध्ययन एवं विश्लेषण गरियो ।

### अनुसन्धानात्मक ढाँचा

अनुसन्धानात्मक ढाँचा अनुसन्धानको लागि गरिने एक वृहत योजना हो । प्रस्तावित अध्ययनको उद्देश्य हासिल गर्ने अपेक्षा गरी बनाइएको योजना नै अनुसन्धानात्मक ढाँचा हो । यस अध्ययनको उद्देश्य हासिल गर्ने अपेक्षा गरि बनाइएको योजना नै अनुसन्धानात्मक ढाँचा हो । यस अध्ययनमा गैससं अर्थात गैर सरकारी संस्थाहरुले सामुदायिक विद्यालयहरुमा पु-याएका योगदानहरुको अध्ययन र यस अध्यनवाट भविष्यमा लिन सक्ने सहयोगको अपेक्षा गरियो । यस अनुसन्धानका उद्देश्यहरुलाई सहज र सरल ढंगबाट पुरा गर्नका लागि अनुसन्धानका विभिन्न प्रकार मध्ये वर्णात्मक र गुणात्मक अनुसन्धानको माध्यमले अनुसन्धान कार्यलाई अगाडी बढाइयो । साथै अध्ययनका लागि निम्न विद्यालयहरु सर्वेक्षण गरी आवश्यक तथ्यांक प्राप्त गर्न सम्बन्धित विद्यालहरुका प्र.अ., वि.व्य.स., श्रोत व्यक्ति, वि.नी., विद्यार्थी, अभिभावक र शिक्षकहरुवाट प्रश्नावली भराई तथ्यांक संकलन गरिनेछ । साथै शिक्षकको कक्षा शिक्षण, कक्षा व्यवस्थापन एवं उनीहरुको अवस्था र समस्या आदि पक्षवारे अबलोकनको माध्यमवाट अध्ययन गरि विश्लेषणात्मक माध्यमद्वारा शोध अध्ययन गरियो ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट विधि

अध्ययनको जनसंख्या र नमूना छनौट विधि अध्ययनको जनसंख्या भन्नाले विषयवस्तु र सीमा भित्र रही प्रत्यक्ष वा अप्रत्यक्ष रुपले यसले के कति जनसंख्या समेटिएको छ भन्ने कुरा पुष्टि गर्दछ । सिरहा जिल्ला अन्तर्गत रहेका १० वटा श्रोत केन्द्रका सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयहरु मध्ये प्रत्येक तह (प्रावि., नि.मा.वि. र मा.वि.) का दुई दुई वटा विद्यालय गरी जम्मा ६ वटा विद्यालय अध्ययनमा संभावनायुक्र नमूना छनौट विधिवाट छनौट गरियो तथा सम्बन्धित विद्यालयका प्र.अ.हरु सम्बन्धित श्रोत व्यक्ति, वि.नी., वि.व्य.स. को छनौट उद्देश्यमूलक विधिवाट गरियो र हरेक विद्यालयका २/२ वटा (छात्र-१, छात्रा-१) विद्यार्थीहरुलाई समेत संभावनायुक्त नमूना छनौट विधिवाट नै समावेश गराई छनौट गरियो ।

## ३.३ तथ्यांक संकलनका विधिहरु

तथ्यांक संकलनका विधिमा अनुसन्धानको क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आंकडालाई तथ्यांक भनिन्छ । अनुसन्धानकर्ता तथ्यांककै माध्यमद्वारा उद्देश्य तथा गन्तव्य तर्फ उन्मुख हुने भएकोले तथ्यांकलाई अनुसन्धानको मेरुदण्ड भनिन्छ । यस अनुसन्धान अध्ययनका लागि प्रश्नावली, अर्न्तवार्ता छलफल र अवलोकन जस्ता माध्यमवाट तथ्यांक संकलन गरियो । जुन प्राथमिक साधनको रुपमा रहयो तथा सम्बन्धित विद्यालय, श्रोत केन्द्र, वि.नी., जि.शि.का. र विभिन्न प्रकाशित तथा अप्रकाशित दस्तावेज, पुस्तक, बुलेटिन आदिवाट लिइने तथ्यांकलाई द्वितीय श्रोतको रुपमा राखियो ।

### ३.३.१ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्यांक संकलन गर्ने विधिहरु मध्ये प्रश्नावली एक प्रमुख विधि हो । प्रश्नावली लचिलो, मनोवैज्ञानिक, सामाजिक, शैक्षिक इत्यादि विषय संग सम्बन्धित श्रृखलावद्ध संलग्न त्यो साधन हो, जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरुको समूहमा पठाइन्छ ।

लुनडवर्ग (सन् २०००) का अनुसार प्रश्नावली उत्तेजनाको निश्चित क्रम हो, जसवाट सामजिक उत्तेजनामा आधारित भएर शिक्षित व्यक्तिको मौखिक व्यवहारको निरीक्षण

गर्न सकिन्छ । (खनाल २०६८) यसका लागि सम्बन्धित विद्यालका प्र.अ., शिक्षक, वि.व्य.स., गैससंका कर्मचारीहरु संग गरिका प्रश्नावली अनुसूचिमा राखिएको छ ।

### ३.३.२ अन्तरवार्ता

अन्तरवार्ता उद्देश्यपूर्ण वार्तालाप हो । यो एक व्यक्ति अर्को व्यक्ति विचको प्रत्यक्ष प्रश्नावलीवाट उत्तर खोजने काम हुन्छ । पलमर (१९९८) का अनुसार अन्तर्वार्ताले दुई व्यक्ति विचको यस्तो सामाजिक अवस्थाको सृजना गर्छ जसमा मनौवैज्ञानिक प्रक्रियाद्वारा एक अर्काविच पारष्परिक विचार आदान-प्रदान हुन सक्छ । (खनाल २०६८) यद्धपि सामाजिक अनुसन्धानले अन्तरवार्ता मार्फत दुई पक्षको विविध प्रतिक्रिया प्राप्त गर्ने उद्देश्य राख्छ । अनुसन्धान विषयसंग सम्बन्धित प्रशनहरु निर्माण गरी विद्यार्थी, अभिभावक संग सामुहिक वा व्यक्तिगत रुपमा अनतरवार्ता लिई अनुसूचीमा राखिएको छ ।

### ३.३.४ अवलोकन

अवलोकन भनेको कुनै नयाँ कुरालाई हेर्नु हो । यो प्रत्यक्ष दृष्टिकोणवाट यथास्थिति पत्ता लगाउने अत्यन्त महत्वपूर्ण एवं लोकप्रिय अनुसन्धानको माध्यम हो । कुमार (१९९६) का अनुसार विज्ञानका क्षेत्रमा त अवलोकनलाई नयाँ अविष्कार गर्ने र अनुसन्धान गर्ने सबै भन्दा महत्वपूर्ण र प्रभावकारी विधि मानिएको छ । (खनाल २०६८)

## ३.४ तथ्यांकका श्रोत

तथ्यांकहरु जहाँवाट प्राप्त गरिन्छ, त्यस क्षेत्रलाई तथ्यांकका श्रोत मानिन्छ । यस अध्ययनको तथ्यांक संकल्नका श्रोतहरु दुई प्रकारका छन् । प्राथमिक श्रोत र सहायक श्रोत ।

### ३.४.१ प्राथमिक श्रोत

अनुसन्धान कार्यमा पहिलो पटक संकलन र प्रयोग हुने तथ्यांकहरु प्राथमिक श्रोत हो । यसलाई मौलिक श्रोत मानिन्छ । यस अध्ययन अनुसन्धानमा स्थलगत अध्ययन अवलोकन, प्रश्नावली, छलफल अर्न्तवार्ता आदि प्राथमिक श्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.४.२ सहायकश्रोत

अनुसन्धानको शिलशिलामा पूर्व प्राकाशित तथा संकलित तथयांकहरुलाई श्रोत भनिन्छ । पहिले नै भए गरिउका अनुसन्धान, प्रकाशन, लेख रचना, दस्तावेज आदि सहायक श्रोत हुन । धेरे जसो अनुसन्धान प्राथमिक श्रोतवाट पूरा गर्न सम्भव नहुने भएको हुँदा सहायक श्रोतको प्रयोग गरि अनुसन्धान कार्य पूरा गर्नु आवश्यक हुन जान्छ ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धानमा आवश्यक तथ्यांकहरु संकलन गर्दा प्राथमिक एवं सहायक दुवै तथ्यांकका श्रोतहरुको प्रयोग गरियो । छनौट गरिएका विद्यालयहरुवाट प्राथमिक तथ्यांक संकलन गर्न प्रश्नावली, अन्तंखाती छलफल, सोध पूछ अवलोकन फारम, स्रोत व्यक्ति वि.नि. आवश्यकता भएमा जि.शि.अ. एवम सम्बन्धित क्षेत्रका पदाधिकारीहरु सँग गरियो ।

साथै गैर सरकारी संस्थाहरुमा कार्यरत कर्मचारहीहरुसँग छलफलवाट विभिन्न पत्रपत्रिका शिक्षा ऐन, नियमावली शिक्षाविद्रहरुको लेखा रचना, शिक्षासँग सम्बन्धित प्रतिवेदन हरुवाट तथ्यांक संकलन गरियो ।

## ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

सामुदायिक विद्यालयहरुमा कार्यरत गैससंहरुको योगदानवाट प्राप्त उपलब्धिको गुणात्मक र वर्णात्मक रुपले विश्लेशन गरियो ।

सामुदायिक विद्यालयहरुमा सहकार्य गरि रहेको गैसंका सम्पूर्ण स्यकहरु तथा सहयोग प्राप्त गरिरहेका विधालयका सम्पूर्ण शिक्षक, शिक्षिका विद्यार्थी र त्यहाँका अभिभावक संघ, वि.व्य.स. स्थानीय अभिभावक, वुद्धिजीवीहरुको प्रत्यक्ष कुराकानी, प्रश्न, छलफलवाट अनुसन्धान गरियो ।

# परिच्छेद-चार

## ४.१ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण

यस अध्ययनको उद्देश्य हाँसिल गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गरि व्याख्या विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ ।

### ४.१.१ विधालयको विकासका लागि अभिभाबकसँग सोधिएका प्रश्नावलिको बिष्लेषण

श्री ज.उ. मा.वि. चन्द्रलालपुर चोहर्वा का अभिभाबकहरुसँग विधालय विकासमा गै.स.स.ले कतिको योगदान दिइको छ ? भन्ने प्रश्नमा राख्दा बिस जना सहभागीहरु मध्ये अधिकाशं लगभग ९० प्रतिशत सहभागिले योगदान पुर्याएका छ भन्ने उत्तर दिका थिए । तर विधालय प्रशासनले सहयोगहरुको कार्यान्वन गरेको छ कि छैन भने प्रश्न राख्दा कार्यान्वन गरेकै छैन उत्तर दिएका छन । गै. स.स हरुले शैक्षिक क्षेत्रमा किन लगानि गर्छ ? प्रश्न राख्दा गै.स. स. हरु समाजिक संस्थाहरु भएकोले उनिहरु समाजलाई कसरी उथान गर्न सकिन्छ भन्ने चिन्तन हुने भएकाले लगानी गरेका हुन्छन । सरकारले गै. स. स.हरुको साझेदारीमा शैक्षिक कार्यक्रमको निति पनि पनि बनाएको छ त्यो निति उपयुत छ कि छैन? भन्ने प्रश्नमा अभिभावकहरु अलमलिएको जस्तो देखियो । शैक्षिक क्षेत्रमा कार्यरत गै. स. स. हरु प्रशंनिय छ भनेर जवाफ दिएका थिए । विधालयको विकासमा गैर सरकारी संघसंस्थाहरु प्रशंसनिय छ भनेर जबाफ दिएका थिए । विधालयको विकासमा गै .स. स. हरुको चासो जति हुनुपर्ने हो त्यति देखिदैन यसको मुख्य कारण जनचेतना को अभाव हो भन्ने तिन वटै विधालयका अधिकासं अभिभाबकहरुले भनाई राखे । अन्त्यमा शैक्षिक क्षेत्रमा अझ बढि लगानी गर्नका लागी कस्तो किसिमको कदम चाल्नु पर्छ ? भन्ने भनाईमा तिनै वटा बिधालयका अभिभाबकहरुले अभिभाबक र गै. स.स.को बिचमा समन्वय गरेर उपयुत समयमा कायक्रम संचालन गर्दा पकै विधालयको बिकास केहि हद सम्म हुन्छ भन्ने बिष्लेषणबाट पुष्टि हुन्छ ।

### ४.१.२ अनुसूचि २ मा विधालयको विकासका लागी प्र. अ. तथा शिक्षक सँग सोधिएका प्रश्नावलिको बिष्लेषण :

गै. स.स. हरुले तपाईको विधालयलाई कतिको सहयोग गरेका छन ? भन्ने प्रश्नमा पा.वि. मुसहरी सन्हैठा ५ को प्र.अ. र शिक्षक को बिचमा राख्दा जग्गा खरिद भवन नर्माण ,

टयाङकी  सहितको सौचालय निर्माण ,शैक्षिक सामग्रि बितरण  गरि सहयोग मिलेको बताए । त्यसैगरि श्री मा. बि. हकपाडाका प्र . अ. र शिक्षकहरुले पनि सौचालय निर्माण , पुस्तकालय भवण निर्माण र व्यवस्थापन ,शैक्षिक सामग्री खरिद तथा वितरणमा सहयोग भएको बताए । ती कार्यहरुको तथ्याङक राख्नु भएको छ ? भन्ने प्रश्नमा  तिनवटै विधालयका प्र.अ. र शिक्षकहरुले प्रत्येक कार्यक्रमको तथ्याांङक राखेको बताए । सहयोग वृद्दि गर्न का लागी के गर्नुपर्ला? भन्ने प्रश्नमा गै.स.स.हरुलाई प्रोत्साहन गर्ने र कायक्रमको प्रस्तावना सहितको ठोस योजना तयार गरेर गै.स.स. सँग समन्वय गनुपर्ने  अधिकासले बताए ।

### ४.१.३ अनुसूचि ३ मा विधालय बिकासमा वि. व्य. स. का पदाधिकारिहरुसँग सोधिएका प्रश्नावलिको विश्लेषण :

नमूना छनौटमा परेका तिनवटा विधालयहरु मध्ये  २ वटा विधालयहरुकमा मात्र विधालय व्यवस्थापन समिति  गठन भएको पाइयो । वि. व्यं .स.का  सदस्यहरुलाई  विधालयप्रति को धारणा कस्तो छ ? प्रश्नमा ९१ प्रतिशत ले  सकारात्मक  धारणा राखे । ९ प्रतिसत निराशावादी धारणा व्यक्त गरे । विधालयको शैक्षिक विकासका लागी कस्तो  किसिमको कदम चाल्नु भएको छ ? जिज्ञासामा  शैक्षिक योजना स्थानियहरुको कियाशिलतामा तयार गरि अघिबढिरहेको बताए । गै.स. स.को सहयोगको आबश्यकता  विधालयको समग्र विकासमा कतिको आवश्यक छ ? भने प्रश्नमा सबै जनाले एकै स्वरमा  धेरै आवश्यक भएको बताए ।

### ४.२ सिरहा जिल्लाको शैक्षिक क्षेत्रमा कार्यरत केही गैरसरकारी संस्थाहरुको नाम, क्षेत्र र कार्यहरु

| क.सं. | संस्थाको नाम | क्षेत्र | कार्य |
| --- | --- | --- | --- |
| 1 | BASE (Backward Society Education) | शै.क्षेत्र | ग्रामिण क्षेत्रमा शिक्षा र सामुदायिक विकास गर्ने कार्य |
| 2 | Himalayan Project | | दुर्गम क्षेत्रमा शिक्षा र संस्कृतिको विकासमा काम गर्ने । |
| 3 | IT Aim Nepal कार्यक्रम आइ.टी. एम. नेपाल कार्यक्रम | | सामुदायिकविद्यालयहरुको सहकार्यमा सरसफाई र्कायक्रम,भोतिक पुर्वाधार बिकास,बाल कल्ब गठन तथा |
| 4 | नेपाल रेडकश सोसायटि सिरहा | | |

| | | | |
|---|---|---|---|
| | | | समूदाय सचेतना कार्यक्रम,बालमैत्री शिक्षा |

## ४.३ श्री प्रा.बि मुसहरी सन्हैठा -५ मा उपलब्ध गराइएको सहयोग सामग्रहरुको सूची तालिका

| सि.नं. | विवरण | मिति | जिन्सी | नगद |
|---|---|---|---|---|
| १ | कक्षा १ मा रंगरोगन | | | ८००००।०० |
| २ | कक्षा १ को कार्पेट | | २१ मीटर | |
| ३ | बाल विकासको भित्ते लेखन | | | ३५००।०० |
| ४ | वालविकासमा कार्फेट | | | |
| ५ | टवाइलेट खर्चवापत | | | ५०००।०० |
| ६ | कक्षा-२ मा कार्फेट | | २१ मीटर | |
| ७ | वाल विकासमा ऱ्याक | | | १००००।०० |
| ८ | खेल सामग्री निर्माण | | | |
| ९ | कक्षा १ मा किट वाकस वापत | | | |
| १० | कक्षा २ भित्ते लेखन र वाहिरी लेखन | २०६८ | १ थान | १६०००।०० |
| ११ | कक्षा २ को किट वक्स | २०६८ | किट वक्स १ थान | |
| १२ | वालविकासको | २०६८ | किट वक्स १ थान | |
| १३ | वाल विकास सामग्र खरीद | २०६८ | | ५००।०० |
| १४ | टवाइलेट निर्माणवापत | २०६८ | | २८०००।०० |
| १५ | कक्षा ३ को कार्पेट | २०६८ | २१ मिटर | |
| १६ | ऱ्याक | २०६८ | २ थान | |
| २०६९/०७० | | | | |
| १ | कम्प्यूटर ११ थान वाइट्री ४ थान र जडान सामग्री | ०६९।५ | कम्प्यूटर ११ थान | ५०००००।०० |
| २ | कुट २५ थान | २०६९।७ | २५ थान | ७५० |
| ३ | कार्डवोर्ड | | २० थान | १०० |
| ४ | न्यूज प्रिन्ट | | २५ थान | २५ |

( स्थलगत सर्बेक्षण २०७२)

४.४ श्री ज. उ .मा.वि. चन्द्रलालपुरमा प्राप्त सहयोगको तालिका सूचि नं. -१

| | | |
|---|---|---|
| २०६२ " " | टवाइलेट भवन २ | २५०००।०० |
| २०६४ साल UNESP सवन नेपाल द्वारा १ कोठे भवन | | ८००००।०० |
| २०६५ साल UNESP सवन नेपाल द्वारा घेराबेरा | | १८००००।०० |
| श्रीपूर्राज संस्थावाट २०६५ साल अचार संहिता बोर्ड | | २५००।०० |

**बाल मैत्री शिक्षण सामग्री**

- मादल
- फ्लासकार्ड
- अक्षरपत्ती
- मिनि किताव
- रेडियो
- नक्शा
- मोसमी क्लेन्डर
- फुच्चे पिङ
- झुला
- ऱ्याक
- ब्ल
- क्यारम बोर्ड

**श्री जनता उच्च मा.वि. चन्द्रलालपुर चोर्हवामा गैससंहरुले उपलब्ध गराएको शैक्षिक सामग्रीहरुको तालिका सूचि**

**संस्थाको नाम आसमान नेपाल**

- कार्डवोर्ड पेपर -१ वण्डल (ठूलो)
- कार्डवोर्ड पेपर - ४ बण्डल (सानो)
- स्टेपलर - १ डब्बा
- पीन - २ डब्बा
- Alphabetical Chart - १थान
- नेपालको नक्सा - १ थान
- रुलर - १थान
- नेपाली वर्णमाला चार्ट - १ थान
- रंगिन पेन्सिल - १ डब्बा
- कटर - ३ थान
- पेन्सिल - १ डब्बा

**श्री मा.वि. हकपाडा-९, सिरहामा गैससहरुले उपलब्ध गराएको शैक्षिक सामग्रीको विबरण**

- गुच्चा -२ डब्बा
- कार्डवोर्ड पेपर -१ वण्डल (ठूलो)
- कार्डवोर्ड पेपर - ४ बण्डल (सानो)
- स्टेपलर - १ डब्बा
- पीन - २ डब्बा
- Alphabetical Chart - १ थान
- नेपालको नक्सा - १ थान
- कैची १ थान
- रुलर - १थान
- नेपाली वर्णमाला चार्ट - १ थान
- रंगिन पेन्सिल - १ डब्बा
- कटर - ३ थान
- पेन्सिल - १ डब्बा

सिरहा जिल्लामा रहेका विद्यालयहरुको सूचि तल दिइएका छन । जसमध्ये साधन स्रोतको अभावको कारण श्री ज.उ.मा.वि. चन्द्रलालपुर, चोहवा, श्री.मा.वि.हकपाडा–९ तथा श्री प्रा. बि. मुसहरी सन्हैठा मा गैससंहरुले दिएको सहयोगको विश्लेषण गरिएको छ ।

## शिक्षामा गैरसरकारी संस्थाहरुको संलग्नताको एक झलक



# परिच्छेद-पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

यस अध्ययनवाट प्राप्त भएका मुख्य मुख्य प्राप्तिहरुलाई यस प्रकार उल्लेख गरिएको छ। अध्ययनको क्षेत्रमा गैससंहरुले पुऱ्याएको योगदानवाट जति शैक्षिक उपलब्धि हाँसिल गर्नु पर्ने हो, त्यो कहिंकतै पाइएन। गैरसरकारी क्षेत्रको भूमिका र आवश्यकता बढदै छ। अर्कोतर्फ नयाँ संस्थाको स्थापना पनि सोही अनुपातमा वृद्धि भएका छन् तर दातृ निकाय एवं अन्तर्राष्ट्रियगैससंका नयाँ संस्थालाई प्रोत्साहन गर्ने साथै नीति अवलम्बन गनर्नाले पुरानै संस्थाको वोलवाला कायमै छ। राष्ट्र तथा अन्तर्राष्ट्रि गैससंले स्थानीय आवश्यकता पहिचानगर्ने भन्दा रेडिमेड सवालमा काम गर्नुपर्ने अवस्था छ। विगतमा देशमा लामो समय रहेको संक्रमण कालीन अवस्था तथा लामो समय सम्म स्थानीय निकायको निर्वाचन हुन नसकेको कारण गैससंकर्मीलाई काम गर्न त्यति सहज दैखिदैन। गैरसरकारी संस्थाहरुको नियमनका लागि दर्ता, आवद्धता, नवीकरण, नियमन, सुपरिवेक्षण, अनुगमन, मूल्यांकनका लागि गैससंलाई सहजीकरण गर्न वाञ्छनीय छ तथापी गैरसरकारी संस्थाको दर्ता र नवीकरणका कार्य कानूनी जटिलतालाई सरल र प्रोत्साहनकारी नीतिको खाँचो देखियो। विद्यालयमा प्राप्त सहयोगको कार्यान्वयन संतोषजनक रुपमा नभएको पाइयो।

### ५.२ निष्कर्ष :

यस अध्ययनवाट प्राप्त भएका तथ्य र तथ्यांकलाई सैद्धान्तिक चिन्तनको आधारमा गरिएको व्याख्या विश्लेषण अनुरुप प्राप्त भएका निष्कर्षहरु यस प्रकारका छन् सामुहिक भावनावाट नै अन्यधिक सफलता हाँसिल हुने यस्ता पनि अध्ययन क्षेत्रमा मानव सम्बन्ध सिद्धान्तले गैससहरुको सहभागिता तथा सफल कार्यान्वयन वृद्धि गर्न सकेन।

गैससंका सवै पक्ष पूर्ण वा सवै दृष्टिकोणवाट पूर्ण छन भने होइन। समाजमा विभिन्न प्रवृत्तिको प्रभाव सामाजिक क्षेत्रमा छन्। एकाध संस्था एवम् व्यक्तिमा भएका नकारात्मक पक्षलाई बहुसंख्यक संस्था र व्यक्तिलाई जोडेर हेर्ने र सामान्यीकरण गर्ने प्रवृतिआफैमा खराब छ। यस्ता प्रवृतिले पुऱ्यएको व्यापक योगदानलाई अवमूल्यन गर्नु न्यायिक हुन सक्दैन।

## ५.३ सुझावहरु :

शिक्षा विकासको आधार हो । शिक्षाको विकास विना कुनै पनि देश अगाडी बढ्न सक्दैन । नेपालमा शैक्षिक क्षेत्रको विकास विस्तारका लागि सरकारी तवरवाटै विगत तिन/चार दशक देखि संस्थागत नीतिगत एवम् कार्यगत प्रयासहरु हुदै आएको भएता पनि सफल हुन सकेको छैन ।

तसर्थ व्यक्ति, परिवार, समाज, समग्र राष्ट्र र राष्ट्र तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसंग समन्वयगरी अगाडी बढनु सान्दर्भिक हुन्छ । जवसम्म सरकारले सबै पक्षलाई समेटर अगाडी बढदैन तब सम्म शैक्षिक क्षेत्रको विकास सम्भव हुँदैन साथै आजको वालवालिका भोलिका कर्णधार हुन भने वांकयांशले कसरी सार्थकता प्राप्त गर्न सक्लान ? शिक्षा प्राप्तिको नैसर्गिक अधिकार र यसको सव सूलभताविच तादात्मय भएन भने भविष्यको स्रोतको जोहो कसरी गर्न सकिन्छ ? तसर्थ विचारणीय प्रश्न हाम्रो अगाडी चुनौतीको रुपमा खडा छ । तापनि देशको राजनीतिक, आर्थिक, सामाजिक भौगोलिक आदि विभिन्न परिस्थितिका कारण हाम्रा विद्यालय तथा वालवालिकासम्म शिक्षाको पंहुच पुग्न गैरसरकारी संघ संस्थाहरुको सहयोग लिनु जरुरी छ ।

गैरसरकारी संस्थाको वारेमा सरकारले तयार पारेको समुदाय द्वारा व्यवस्थापन संचालन कार्य निर्देशशिका २०५९ लाई कार्यान्वयनमा जोड दिनु उपयुक्त हुन्छ

## ५.४ अनुसन्धान तह

सीमित क्षेत्रमा गरिएको प्रस्तुत शीर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने छ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु निम्न बमोजिम सुझाइएको छ ।

- ✓ विद्यालयको शैक्षिक स्तर वृद्धिमा गैससंहरुको भूमिका
- ✓ विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था
- ✓ विद्यालयहरुमा मूल्याङ्कनको अवस्था र चुनौतिहरु

# सन्दर्भ सामग्री


थापा तारावहादुर “निरन्जन” ***व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन सहायक*** प्रशान्ति प्रकाशन पुतलीसडक, काठमाण्डौ

शर्मा एण्ड शर्मा : ***शैक्षिक प्रविधि र औपचारिक शिक्षा***काठमाण्डौ

***शिक्षा ऐन तथा नियमावली*** २०२८ शुभकामना प्रकाशन प्रा.लि.

ज.व.रा. स्वयप्रकाश, श्रेष्ठ चन्द्रबहादूर, किरण राम रंजितकार ***शिक्षामा मापन तथा मूल्यांकन***(सिद्धान्त तथा कार्यविधि) प्रकाशक तथा वितरक मोटामोटी काठमाण्डौ

गौतम दिनानाथ ***Educational Admisistration and Supervision Guide.***

Sharma and Shram "Deucational Planning" M.K. Publisher and Distributers Bhotahity Kathamandu.

भट्टराई ज्ञानेश्वर ***वृहद ज्ञानकोष*** (सामान्य र सामाजिक अध्ययन)

***स्थानीय पाठ्यक्रम स्रोत सामग्री-*** २०६७ : प्रकाशक नेपाल सरकार शिक्षा मन्त्रालय पाठयक्रम विकास केन्द्र सानोठीमी भक्तपुर

खड्का विरेन्द्र, गोविन्द अधिकारी र कल्पना अधिकारी ***अध्यापन अनुमति पत्र*** प्रकाशक तथा वितरक भोटाहिटी काठमाण्डौ अधिकारी प्रकाश सिंह शिक्षक मासिक संयुक्ताङ्क असार २०६५

***२०५५ विद्यालय संचालन कार्य निर्देशिका २०५९*** शिक्षा विभाग : २०७० साल असोज ७ गते गो.प.

खनाल, पेशल (२०६०) ***शैक्षिक अनुसन्धान पद्धति***काठमाण्डौ स्टुडेन्ट वुक्स एण्ड स्टेशनरी खनाल

***जिल्ला शिक्षा योजना***(२०६९) जि.शि.का. सिरहा तीन वर्षीय अन्तिरम योजना (६४-६५) क्षितिज प्रकाशन

# परिशिष्ट-१

## अभिभावकसंग सोधिएका प्रश्नावलीको नमूना

अभिभावकको नाम थर ..........................................................................................

ठेगाना :...........................................लिङ्ग :....................................................

परिवारको संख्या .................................छोरा ..........................छोरी ...................

पेशा ........................................शैक्षिक योग्यता ..............................................

१. तपाईको विद्यालयमा गैससंले कतिको योगदान दिएको छ ?

क) छ .......... ख) छैन .........

२. विद्यालयमा प्राप्त सहयोगहरुको कार्यन्वयन गरेको छ कि छैन ?

क) छ .......... ख) छैन .........

३. शिक्षकहरुले ति सामग्रीहरुको कार्यान्वयन गरेको छ कि छैन ?

क) हो ............ ख) होइन ...............

४. गैससंहरुले शैक्षिक क्षेत्रमा किन लगानी गर्छ ?

क) गर्नुपर्छ ...........किन? ख) लगानी गर्नुपर्दैन ..............किन?

५. सरकारले गैसंसहरुको साझेदारीमा शैक्षिक कार्यक्रमहरु संचालन गर्नुपर्छ भने नीतिपनि वनाएको छ ?

क) उपयुक्त छ ......... ख) उपयुक्त छैन ............

६. शैक्षिक क्षेत्रमा कार्यरत गैससंहरुको प्रशंसा गर्न सक्नु पर्दछ ।

क) पर्छ ............... ख) पर्दैन ..............

७. विद्यालयमा अभिभावकहरुको चासो जति हुनुपर्ने हो त्यति देखिदैन यसको मुख्य कारण के हुन सक्छ ?

क) समयको अभाव ........... ख) जनचेतनाको अभाव

८. गैससंहरुलाई शैक्षिक क्षेत्रमा अझ बढी भन्दा बढी लगानी गर्नको लागि कस्तो कदम चाल्नुपर्छ ?

# परिशिष्ट-२

## प्र.अ. तथा शिक्षक संग सोधिएका प्रश्नावलीको नमूना

अभिभावकको नाम थर ..........................................................................

ठेगाना :..................................लिङ्ग :..................................................

परिवारको संख्या ..............................छोरा ........................छोरी ..................

पेशा .....................................शैक्षिक योग्यता ..........................................

१. यस विद्यालयमा गैससंहरुवाट के कति सहयोग प्राप्त भएको छ ?

.................................................................................

२. प्राप्त सहयोगहरुको तथ्यांक राख्नु भएको छ कि छैन ?

क) छ ............ ख) छैन .........

३. सहयोग वृद्धि गर्नको लागि के गर्नुपर्ला ?

क) .....................................................

४. अभिभावकले विद्यालय प्रति कतिको चासो देखाउँछन् ?

.................................................................................

५. गैससंहरुको सहयोग शैक्षिक क्षेत्रमा बढाउन कुन निकायवाट कस्ता कदम चाल्नु पर्ला ?

| निकाय | चाल्नु पर्ने कदम |
|---|---|
| क) ................... | ................... |
| ख) ................... | ................... |
| ग) ................... | ................... |
| घ) ................... | ................... |

६. अन्य केही सुझावहरु भएमा उल्लेख गर्नुहोस् ।

## परिशिष्ट-३

**विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु संग सोधिएका प्रश्नावली**

अभिभावकको नाम थर ..........................................................................

ठेगाना :.........................................पद :....................................................

१. वि.व्य.स.को सदस्यको नाताले विधालय प्रतिको धारणा कस्तो राख्नु हुन्छ ?

.....................................................................................................

२. विधालयको शैक्षिक विकासको लागि के कस्तो कदमहरु चाल्नु भएको छ ?

.....................................................................................................

३. विधालय विकासको लागि समाज, परिवार, राष्ट्र र अन्य सरकारी तथा गैससंहरुको सहयोग चाहिन्छ । कि चाहिदैन ?

.....................................................................................................

४. गैससंहरुले तपाँइको विद्यालयमा योगदान दिनुभएको छ कि छैन ?

.....................................................................................................

५. थप सल्लाह र सूझावहरु भए उल्लेख गर्नुहोस् ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

## परिशिष्ट-४

### विद्यार्थीहरु संग सोधिएका नमूना प्रश्नावली

नाम :............................................ उमेर : .....................................

कक्षा :............................................ रोल नं. : ..................................

ठेगाना :....................................अभिभावकको नाम : ...............................

१. विद्यालयमा गैससंहरुले सहयोग दिएको छ यसवारे तिमीलाई कतिको थाहा छ ?

..........................................................................................................

२. तिमी विद्यार्थीको नाताले गैससंहरुको शैक्षिक क्षेत्रको पुऱ्याएको योगदान बारे के विचार छ ?

..........................................................................................................

३. तिम्रो विचारमा के गर्दा विद्यालयको शैक्षिक अवस्था राम्रो हुन्छ ?

..........................................................................................................

४. गैससंहरुको सहयोग वृद्धिको लागि अन्य सूझावहरु भए उल्लेख गर्नुहोस् ?

..........................................................................................................

## परिशिष्ट-५

## विद्यालय कर्मचारीहरुसंग सोधिएको प्रश्नहरु

१. तपाईको विद्यालयमा गैससहरुले के कति सहयोग पुऱ्याउनुभयो ? यसको समिक्षा गरिदिनुस् ।

२. तपाँईको विद्यालयमा गैससहरुले गरेको सहयोगवाट के के उपलबधिहरु प्राप्त गर्नुभयो ?

३. गैससंहरुवाट के अपेक्षा राख्नुहुन्छ ?

४. आफ्नो गाउँ आफै बनाउँ जस्तै आफ्नो विद्यालय आफै बनाउ भन्ने कुरा वाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

५. अरुको सहयोग लिएर मात्रै केही गर्ने वा आफुपनि केही गरेर देखाउने पक्षमा हुनुहुन्छ ?

६. सामुदायिक विद्यालयमा गैससंहरुले पुऱ्याएको सहयोगवाट अभिभावक तथा विद्यार्थी कतिको संतुष्ट हुनुहुन्छ ?

७. तपाई आफ्नो विद्यालयमा गैससंहरुवाट प्राप्त सहयोग साधन श्रोतको कतिको उपयोग गर्नुहुन्छ ?

८. विद्यालयमा गैससंहरुवाट प्राप्त सहयोगको संरक्षण गर्नुहुन्छ कि गर्नुहुन्न ?

९. विद्यालय प्रति अभिभावकहरुको जन चासो कतिको छ ?

१०. गैससंवाट प्राप्त सहयोगहरुको विवरण उपलब्ध गराइदिनुहुन्छ कि?